# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा सञ्चालित 'बाल चित्रकला प्रतियोगिता' मा सफल बाल-बालिकाहरू आदरणीय व्यक्तित्वहरूका साथमा

कार्तिक पूर्णिमा



जापानको बौद्ध संस्था निप्पोनज[illegible] म्योहो[illegible]र्फबाट [illegible]र्मित विश्व शान्ति स्तुप उद्घाटनमा संलग्न हुन स्वदेशी तथा [illegible] [illegible]म्बनीसम्म शान्ति पैदल यात्रा [illegible]दैं ।

DHARMAKIRTI

वर्ष- १९ अङ्क- ७ वार्षिक रु. ६०/- मूल्य रु. ५/-

# सम्पादकीय

## साँचो सुख

आज संसारमा शारीरिक रोगीहरूको बृद्धि जति मात्रामा भइरहेका छन्, त्यो भन्दा पनि बढी मात्रामा मानसिक रोगीहरूको संख्यामा बृद्धी हुँदै गइरहेको देखिन्छ । जति जति बाह्य सुख सुविधाहरू (भौतिक सुख) को आविष्कार भइरहेका छन्, राग रूपी तृष्णामा बाँधिएका हाम्रा असीमित माग झन् झन् बढ्दै गइरहेका छन् । यही अतृप्त तृष्णामा जकडिएका हाम्रा असन्तुष्ट भावनाको कारणले संसारका विभिन्न कुना काप्चाहरूमा युद्ध, बदलाको भावना, आतंक, चोरी, भ्रष्टाचार, अन्याय र खतरनाक आक्रमणहरूको मात्रामा बृद्धि भइरहेको छ । मानिसहरू सक्कलि सुखको खोजीमा भौंतारिँदै आफूले भोगिरहेका दुःखको रूपलाई मात्र साटिरहेका छन् । तर दुःखको मूल जरो पत्ता लगाई त्यसलाई पूर्णरूपले पञ्छाउन भने असमर्थ नै छन् । यसको प्रमुख कारण हामीले आफ्नो मनमा लुकेर बसेको अज्ञानतालाई चिन्न नसक्नु हो । जतिसुकै ज्ञान गुणले भरिएको शिक्षा अध्ययन गरे तापनि, धार्मिक छलफल गर्न सक्षम भए तापनि, जतिसुकै भौतिक सुख सुविधाले परिपूर्ण भए तापनि जबसम्म हामीमा मान, सम्मान, इज्जत, प्रतिष्ठा, आफ्नो मात्र आधिपत्य जमाउने बानी, पदबी र धनसम्पत्तिको नशामा डुब्ने बानी हुन्छ, तबसम्म हाम्रो मनमा कहिले पनि साँचो शान्ति र सुखले बास गर्न सक्दैन । तर हामी मध्ये प्रायः जसोले आफ्नो विवेक बुद्धीलाई दुरूपयोग गरी संधै दुःख र अशान्तिको खाल्डोमा परिरहेका छौं ।

त्यसैले बुद्धले हामीजस्ता अज्ञानीहरूलाई त्यस खाल्डोबाट माथि निकाल्नको लागि तीनवटा खुड्किला भएका भर्‍याङ्ग देखाइदिनु भएको छ । ती यसरी छन्: (१) शील (२) समाधि (३) प्रज्ञा ।

यी तीन खुड्कीलाहरू मध्ये पहिलो खुड्कीलो शील अर्थात् राम्रो बानी व्यवहार भएको व्यक्तिको मन स्वस्थ्य रहन्छ । किनभने नबिराउनु नडराउनु भन्ने प्राकृतिक नियम सबैमा लागु हुन्छ । जुन व्यक्ति निश्वार्थ भई निर्दोषी कार्यमा लागेको हुन्छ, त्यस व्यक्तिको मन संधै स्वच्छ र स्वस्थ रहन्छ । स्वच्छ र स्वस्थ मनोवल शक्तिले शरीरलाई पनि स्वस्थ राख्न मद्दत गर्छ । शरीर र मन स्वस्थ भएको व्यक्तिले मात्र दोश्रो खुड्कीलो समाधिको तहमा चढ्न सक्नेछ । राम्रो कार्यमा आफ्नो चित्तलाई एकाग्रह राख्न सक्ने व्यक्तिको चित्तले मात्र राम्रो ज्ञान प्राप्त गर्न सक्षम हुनेछ । यस्तो शक्तिशाली चित्तले प्रज्ञा (यथार्थ ज्ञानको उज्यालो प्रकाश) लाई पनि प्राप्त गर्न सक्षम हुनेछ । जब तेश्रो खुड्कीलो प्रज्ञाको तहमा चढ्न सक्नेछ, तब हामी अज्ञानताको अँध्यारो खाल्डोबाट उक्लिएर उज्यालो र यथार्थ मुक्तिको अवस्थामा पुग्न सक्षम हुनेछौं । अनि मात्र हाम्रो मनले साँचो यथार्थ सुखलाई आफ्नै मन भित्र प्राप्त गर्न सक्नेछौं । आफ्नै मन भित्र सुखलाई फेला पारीसकेको व्यक्तिले बाह्य जगतमा रहेका सुखको खोजी गर्ने आवश्यक नै ठान्दैन । किनभने यी बाह्य जगतको भौतिक सुखहरू त सबै मृगतृष्णा समान नक्कली छन् । आज प्राप्त हुन्छ भोलि गायब हुन्छ । तर आफ्नो स्वच्छ र निर्दोष मनभित्र फेलापारेको सुखलाई कुनै दोश्रो व्यक्ति आएर कुर्सी छिने जस्तै, मान पदवी छिने जस्तै, धनसम्पत्ति लुटेर लगे जस्तै लिएर जान सक्दैन । यो स्थायी रूपमा अडिग भएर बसेको हुन्छ । हाम्रो लागि यही साँचो र यथार्थ सुखको आवश्यकता रहेको छ ।

यही सक्कली सुख प्राप्त गर्नको लागि हामीले पनि बुद्धले देखाउनु भएको शील समाधि र प्रज्ञा रूपी भर्‍याङ्ग चढ्ने कोशिस गरौं ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत्  २५४५
नेपालसम्वत्  ११२१
इस्वीसम्वत्  २००१
बिक्रमसम्वत् २०५८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |


DHARMAKIRTI

# धर्मकीर्ति

## (बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

## NOVEMBER 2001

| वर्ष- १९ | अङ्क- ७ | कतिंपुन्ही | कार्तिक २०५८ |
|---|---|---|---|





★ भरसक आफू भन्दा गुणी मानिसको सत्संग गर्नु नभए आफू समानकासंग सत्संग गर्नु तर आफूभन्दा दुर्गुणीको सत्संग कहिल्यै नगर्नु । यस्तो संगत गर्नुभन्दा त सुदृढ मन राखी एक्लै हिंड्न जाति छ ।

★★★

★ डाडुले तिहुन तर्कारीको स्वाद थाहा नहुने झैं मूर्खजनले पनि जीवनभर पण्डितको सत्संगत गरे तापनि धर्मको मर्म बुझ्न सक्तैन ।

★★★

★ जिब्रोले तिहुन तर्कारीको स्वाद पाएझैं विद्वानले क्षणमात्र भएपनि पण्डितहरूको सत्संग पायो भने धर्मको रस बुझिहाल्छ ।

★★★

# धम्मपद–१४३

✍ रीना तुलाधर
*'परियत्ति सद्धम्म कोविद'*

**अन्धभूतो अयं लोको–तनुकेत्थ विपस्सति**
**सकुन्तो व जालमुत्तो–अप्पो सग्गाय गच्छति**

*अर्थ*- अन्धा जस्तै रहेका यस लोकवासीहरू मध्ये ज्ञानरूपि आँखा भएका कमै मात्र छन् । जालबाट मुक्त भएर जाने पंक्षी थोरै मात्र हुने जस्तै थोरै प्राणी मात्र स्वर्गमा जान्छन् ।

*घटना*- उपरोक्त गाथा भगवान बुद्धले आलवी देशमा अग्गालवी भन्ने विहारमा बस्नु हुँदा एउटी कपडा बुन्ने केटीको कारणमा भन्नु भएको थियो ।

एकदिन आलवी देशका जनताले भगवान बुद्ध आलवी देशमा पाल्नु भएको थाहा पाएर भगवान बुद्धलाई निमन्त्रणा दिन गए । त्यसदिन भोजन ग्रहण गर्नुभएपछि भगवान बुद्धले धर्म देशना गर्नुभयो– "हाम्रो जीवन निश्चित छैन । तर हाम्रो मरण निश्चित छ । अवश्य हामी सबैले एकदिन मर्नुछ । यस जीवनको अन्त्य कहिले कहाँ कसरी हुन्छ भन्ने कुरोको ठेकाना छैन । अत: हामीले सदैव अवश्य एकदिन मर्नुपर्छ भनेर मरणानुस्मृति ध्यान भावना गरिरहनुपर्छ । जसले मरणानुस्मृति भावना गर्दैनन्, उसले जीवनको अन्तिम समयमा सर्प देखेर तर्सेको व्यक्ति चिच्चाएर कराउने झैं मरण देखि भयभीत भएर मृत्यु भएर जान्छ । जसले जीवन भर मरणानुस्मृति भावना गरेको हुन्छ, त्यो मरणको समयमा रत्तिभर डराउँदैन जसरी टाढैबाट सर्प देखेपछि एउटा लामो लठ्ठीले टिपेर सर्पलाई फ्याँक्ने व्यक्ति चिच्याउँदैन । अत: मरणानुस्मृति ध्यान गरिरहनु पर्छ ।"

धर्म देशना सिद्धिएपछि कसैले पनि यसलाई गम्भिरपूर्वक लिएन र आ-आफ्नो काममा व्यस्त रहे । त्यसधर्म सभामा धर्म श्रवण गरेकी एउटी १६ वर्षकी केटी जो एक कपडा बुन्ने मान्छेकी छोरी थिइन् त्यसले उपदेशलाई गौरवपूर्वक सुनिन् । धर्म देशना सिद्धिएपछि भगवान बुद्ध जेतवन विहारमा फर्किनुभयो । त्यस दिनदेखि ती केटीले दिनहुँ मरणानुस्मृति ध्यान गरिरहिन् ।

त्यसको ठीक तीन वर्षपछि एकदिन भगवान बुद्धले आज कसको उद्धार गरूँ भनेर महाकरूणा समापत्ति ध्यानले हेर्नु भएको बेला तीनै कपडा बुन्ने केटीलाई देख्नुभयो । अत: भगवान बुद्ध पुन: आलवी देशमा गएर दोश्रो पटक धर्म देशना गर्छुभनी जानुभयो । भगवान बुद्ध सहित पाँचसय भिक्षुहरू अग्गालवी विहारमा आईपुग्नु भएको कुरा सुनेर ती केटीलाई धर्म देशना सुन्न आतुर भयो । उनी धर्म देशना सुन्नको निम्ति जानै लागेकी थिइन् उनका पिताले उसलाई छिटै धागो काटीदिने काम अऱ्हाए । किनभने त्यसलाई त्यहीदिन कपडा बुन्न सिद्धाएर कसैलाई दिनुपर्थ्यो । आफ्ना बाबुको काम पहिले सिध्याउनुपऱ्यो भनी केटीले छिटो-छिटो धागो काट्न सिध्याएर आफ्ना बाबुको कारखानातिर जान लागिन् । बाटोमा जाँदा तिनी भगवान बुद्धले धर्म देशना गरिरहनु भएको छेउ छेउबाट गइन् ।

भगवान बुद्धले जान्नु भएको थियो त्यस केटीको मृत्यु त्यही दिन अवश्यंभावी थियो र उनी आफ्ना बाबुको कारखानाबाट फर्कुन्जेल उनको मृत्यु भइसक्थ्यो । अत: उनी जानुभन्दा पहिल्यै उनलाई धर्मदेशना सुनाउनु अति जरूरी थियो । जब ती केटी धर्म सभाको छेउ-छेउबाट हिँडीरहेकी थिइन् भगवान बुद्धले उनलाई हेर्नुभयो । जब भगवान बुद्धले सिधै आफूतिर हेरीराख्नु भएको देखिन् तब त्यस केटीले त्यहीं एकछिन् रोकेर धर्मदेशना सुन्न बसिन् । भगवान बुद्ध समक्ष वन्दना गरिन् । त्यसधर्म परिषदमा वास्तवमा भगवान बुद्ध त्यस केटीलाई उद्धार गर्न नै पर्खेर बस्नुभएको थियो । भगवान बुद्धले त्यस केटीसँग चारवटा प्रश्न सोध्नुभयो– "हे कुमारी तिमी कहाँबाट आएका हौ ?" केटीले जवाफ दिइन्– "मलाई थाहा छैन, भो भगवान !"

"कहाँ जानको लागि आएकी ?"
"त्यो पनि थाहा छैन, भो भगवान ?"
"के तिमीलाई केही थाहा नै छैन ?"
"थाहा त भईराखेको छ ?"



Downloaded from http://www.dhamma.digital

"के तिमीलाई राम्ररी थाहा छ ?"

"थाहा छैन भो भगवान ।"

यसप्रकार भगवान बुद्धले सोध्नु भएको चारवटा प्रश्नको जवाफ फटाफट दिएको सुनेर त्यस परिषदको मान्छेहरूले केटीलाई गालि गरे– "कस्ती उत्ताउली केटी रहिछ । भगवान बुद्धसँग पनि यसरी जिस्किएर कुरा गर्दीरहिछ । के म घरबाट आएकी र कारखानामा जान लागेकी भनेर सिधै जवाफ दिनु पर्दैन र ?"

धर्म परिषदमा जम्मा भएका मानिसहरूको क्रोध शान्त गर्न भगवान बुद्धले त्यस केटीलाई आफ्नो जवाफको मतलब बुझाईदिन आज्ञा हुनुभयो । त्यस केटीले भगवान बुद्धको आज्ञा शिरोपर गरी भगवान बुद्धको प्रश्नको र आफ्नो उत्तरको व्याख्या गरिन्– "भो भगवान, तपाईलाई म घरबाट आएकी भनेर थाहा छ । अतः तपाईको प्रश्नको माने म पूर्वजन्ममा कहाँबाट आएकी भनेर सोध्नुभएको भनी अर्थ लगाई 'मलाई थाहा छैन' भनेकी हुँ । भगवान बुद्धले म कारखानामा जान लागेकी हुँ भनेर थाहा छ । तैपनि 'म कहाँ जान लागेकी' भनी दोश्रो प्रश्न सोध्नुभएको माने म मरेपछि कहाँ जन्म लिने हो भनी सोध्नु भएको भनीकन अर्थ बुझी मैले 'मलाई थाहा छैन' भनेकी हुँ । तेश्रो प्रश्नको माने के 'एकदिन मर्नैपर्छ भनी थाहा छ' भनेर सोध्नुभएको भनी अर्थ बुझी 'एकदिन मर्नुनै पर्छ भनेर थाहा छ' भनी जवाफ दिएकी हुँ । चौथो प्रश्नको माने 'कहिले मर्नेछ भनेर यकिन गरेर थाहा छ' भनीकन सोध्नुभएको भनेर अर्थ बुझी 'मलाई थाहा छैन' भनेर जवाफ दिएकी हुँ ।

भगवान बुद्धले "साधु ! साधु !!" भनेर साधुकार दिनुभयो । अनि परिषदलाई सम्बोधन गरेर भन्नुभयो– "यति पनि तिमीहरूले यस केटीको जवाफको अर्थ बुझ्न सकेनौ । केवल त्यस केटीलाई भगवान बुद्धसँग जिस्केर कुरा गरिन् भनेर दोष लगायौ । जोसँग प्रज्ञा चक्षु छैन त्यो व्यक्ति अन्धो समान नै हो । जोसँग प्रज्ञा रूपि आँखा हुन्छ त्यसलाई नै मात्र साँच्चैको आँखा भएको भन्न मिल्दछ ।" यसरी आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

धर्मदेशनाको अन्त्यमा त्यस केटी स्रोतापत्ति फलमा प्रतिष्ठित भइन् । त्यसपछि उनी आफ्नो बाबुले अऱ्हाएको काम गर्न कारखानातिर गईन् । कारखानामा कुनै दुर्घटना भएर मरिन् । दुर्घटनामा परेर छोरी मरेको शोक सहन नसकेर बाबुचाहिं पनि भगवान बुद्धको शरणमा गए । भगवान बुद्धसँग अनुमति मागेर प्रव्रजित भए । केही समयपछि त्यस केटीको बाबुचाहिं भिक्षुले पनि भगवान बुद्धको उपदेश सुनेर अरहत्व प्राप्त गरे । ■

# शुभ कामना

*हरिकृष्ण श्रेष्ठ, धरान-१२*

एक शताब्दी पुरा गऱ्यो हे मित्र ।
सन् २००१ लाई स्वागत गऱ्यो ॥
जीवनका अमूल्य क्षणहरू ।
अब सार्थक पाऱ्यो ॥

कति कठीनाई झेल्यो तिमीले ।
कति काँडा पन्छाई हिंड्यौ ॥
गुलाफको फूल, झै वास्ना र ।
सुन्दरता दियौ र फैलायौ तिमीले ॥

युवा युवतीलाई एउटै मायारूपी ।
दाम्लोमा बाँधी विकासको बाटोमा लग्यौं ॥
धरान नगरीमा सम्यक शिक्षाको नाम चिनायौ ।
बुद्ध शिक्षाको सदुपयोग गरायौ ॥

घरबारको प्रवाह नगरी ।
मायाँ दियौ नगर भरी ॥
अमर हुने छौ मित्र तिमी ।
सन् २००१ को अवधिमा पनि ॥

शुभ कामना छ तिमीलाई ।
मित्रको जीवन रहँदासम्म ॥
सहयोग गरीरहने छु मित्र ।
सच्चा मित्र सम्झँदासम्म ॥

# "आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म" एक चर्चा

– वीर्यवती

आजभन्दा २५९० वर्ष अघि बुद्धले प्रतिपादन गर्नुभएको हेतुवाद सिद्धान्त सांसारिक र प्राकृतिक त्रिलक्षण स्वभावधर्म (अनित्य दुःख अनात्म) लाई आधुनिक विज्ञानले हाल प्रमाणित गरी स्वीकार्न थालेको छ । त्यसैले बुद्ध शिक्षालाई वैज्ञानिक शिक्षाको रूपमा लिन थालिएको छ । आजको वैज्ञानिक युगले स्वीकारेको यस बुद्ध शिक्षालाई धेरैजसोले मान्यता दिन थालेका छन् । अनुशरण गरेपनि नगरेपनि । मानिसहरू बुद्ध शिक्षालाई वैज्ञानिक शिक्षाको नाम दिई गौरवान्वित हुन थालेका छन् ।

आज विज्ञानले विश्वका मानव समुदायलाई नै आफ्नो बसमा पार्न सफल भइसकेको छ । किनभने यसले मानव समुदायको भौतिक सुख सुविधाहरू परिपूर्ति गर्नको लागि थुप्रै चमत्कारपूर्ण आविष्कारहरू प्रतिपादन गरी सबैलाई चकित पारिदिएको छ । हुँदा हुँदा पाईला सारेपिच्छे मानिसहरूले विज्ञानकै सहयोग लिन बाध्य भइसकेको छ । अर्को शब्दमा भन्ने हो भने विज्ञानले मानिसलाई पंगु बनाइसकेको छ । यसरी विज्ञान मानव जीवनको लागि एक अभिन्न अंग बन्न सफल भइसकेको छ ।

बुद्ध शिक्षालाई वैज्ञानिक शिक्षाको रूपमा नामाकरण गरी यस शिक्षालाई विज्ञानले अङ्गीकार गरेतापनि यी दुई सिद्धान्तहरूको लक्षहरूमा धेरै फरक र भिन्नता पाइन्छन् ।

किनभने बुद्धले संसारको त्रिलक्षण स्वभाव धर्म अगाडि सारी मानिसहरूलाई उनीहरूको आ-आफ्नो क्लेशहरू अर्थात् मनका दूषित भावनाहरू (लोभ, द्वेष, मोह, मान, मिथ्यादृष्टि आदि) हटाई विवेकशील भई शुद्ध आचरण सहितको जीवन यापन गर्न सिकाउनु भएको छ । यसको साथै उहाँले भौतिक भोग विलासमा मात्र डुब्ने बानी त्यागी चतुआर्य सत्य र प्रतित्य समुत्पाद धर्मलाई जानी शील, समाधी र प्रज्ञाका मार्गहरू अनुसार आफ्नो आचरण ढाली यसको अभ्यासलाई निरन्तर जारी राखी संसार चक्रबाट मुक्त हुने शिक्षा सिकाउनु भएको छ ।

तर आधुनिक विज्ञानका अनुयायीहरू भने धेरैजसो लोभ, द्वेष, मोह, मान, मिथ्यादृष्टि जस्ता मनका मयलहरूको वसमा लागी धन सम्पत्ति र मान सम्मान प्राप्त गर्ने कार्यमा मात्र दगुरीरहेका देखिन्छन् । त्यतिमात्र कहाँ हो र ? अझ कतिपय व्यक्तिहरू वैज्ञानिक शक्तिको चमत्कारपूर्ण प्रदर्शनमा भुल्ने, भौतिक भोगविलासमा डुवी सांसारिक मायाजालमा बाँधिई सांसारिक चक्रबाट मुक्त हुनुको बदला यही भवचक्रको संरचना गर्ने र सम्बर्द्धन गर्नुमा नै जुटेका देखिन्छन् । भौतिकवादी बनेका धेरैजसो विद्वान र वैज्ञानिकहरू त व्यक्तिवादी, स्वार्थी, व्यक्तिगत सुखभोगी बनी शस्त्रास्त्र क्षेप्यास्त्र जस्ता विश्व विनाशकारी शस्त्रास्त्रहरूको निर्माण र बेचबिखन कार्यमा लागी पैसाको लागि बाँच्दैछन् । त्यतिमात्र होइन, अहंकारी बनी बदला लिने कुनियतले कतिपय स्वार्थी व्यक्तिहरूले त वैज्ञानिक आविष्कारहरूलाई आफ्नो स्वार्थपूर्ति खातिर आम नरसंहार कार्यको साधन बनाएका छन् ।

उदाहरणको लागि अमेरिकामा हालै घटेको नरसंहारकारी आतंक कार्यलाई लिन सक्छौं । यसरी वैज्ञानिक आविष्कारको दुरुपयोग भइरहेको छ । यस्ता आतङ्कवादी क्रियाकलापले कैयौं निर्दोष व्यक्तिहरूले नाश र व्यापक धनजनको क्षतीहरू भएका छन् ।

त्यसैले आज हामीले बुद्ध शिक्षालाई वैज्ञानिक शिक्षाको नामले विभुषित गरी गौरवान्वित बन्नुभन्दा विज्ञानलाई बुद्ध शिक्षा अनुसार कार्यक्षेत्रहरूमा प्रयोग गर्नसक्नु परेको छ । अनिमात्र हामी र हाम्रो संसार सुरक्षित हुनेछ । होइन भने विज्ञानको दुरुपयोगले विश्वलाई नै खतरामा पुऱ्याउने अवश्यम्भावी छ ।

"आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म" पुस्तकका लेखक आर.वि. वन्द्यले यस पुस्तकमा बुद्ध शिक्षाको मूल लक्ष र विज्ञानको चमत्कारी उपलब्धीहरू देखि लिएर यसको विनाशकारी, विध्वंशकारी कार्यहरूलाई पनि प्रस्तुत गर्नुभई पाठकवर्गलाई बुद्ध शिक्षा र विज्ञान विषयमा आवश्यक ज्ञान दिन सफल हुनु भएको छ । उहाँले आजको भौतिकवादी समाजमा भौतिक सुखलाई मात्र साँचो सुख ठानी अज्ञानतावश वहिर्मुखी बन्दै मृगतृष्णामा भुलिरहने मानिसहरूलाई होश दिनुहुँदै अर्न्तमुखी बनी मनको सुख (साँचो सुख) प्राप्त गर्नको लागि जागरूक रहन जोड दिनुभएको छ । यसरी उहाँले पाठक वर्गलाई बुद्ध शिक्षाको माध्यमबाट साँचो सुख प्राप्त गर्ने उपाय प्रस्तुत गर्नुभएको कुरा ज्यादै सान्दर्भिक देखिन्छ ।

यो पुस्तक धर्मविज्ञ देखि लिएर वैज्ञानिक अनुसन्धानकर्ता र शैक्षिक क्षेत्रसम्म पनि लाभप्रद र उपयोगी सिद्ध हुने देखिन्छ । त्यसैले ज्ञानज्योति कंसाकार द्वारा हाल धर्मदानको रूपमा प्रकाशित यस पुस्तक भविष्यमा बजारमा सजिलै पाठकवर्गहरूले किन्न पाउनेगरी प्रकाशित गरिनु आवश्यक देखिन्छ । ■



Downloaded from http://www.dhamma.digital

# क्लेश अथवा मानसिक कमजोरी

क्लेशको अर्थ नै मानिसको मन धमिलो हुने क्रिया वा कमजोरी हो । जस्तै धूलो, कसिंगर लागी धमिलो भएको पानीले भरिएको भाँडोमा हामीले आफ्नो अनुहार प्रष्ट र सफा देख्न सक्दैनौं, त्यस्तै नराम्रो दुषित कल्पनाले धमिलिएको हाम्रो मन पनि धमिलो र अपवित्र हुन्छ । अनि त्यस्ता दूषित मनले केही कुरा बोल्दा वा काम गर्दा आफूलाई मात्र होइन अरूलाई समेत अहित हुन पुग्छ । फलस्वरूप हामीलाई अरूले पत्यार र विश्वास गर्न छोडिदिन्छ र विश्वास पात्र बन्न सक्दैनौं ।

उदाहरणको लागि एक घटना प्रस्तुत गर्दछु– "श्रावस्तीमा एकजना साहुको छोरोलाई एक धनी व्यक्तिकी छोरीसंग विवाह गर्ने निर्णय गरिदिएछ । जन्ति जाने दिनमा दुलहाको बुबाले आफ्नो पुरोहित भेटेपछि दुलही लिनजाने साइत र ग्रहको के कस्तो छ भनी सोध्न पुगेछ । तर पुरोहित परेछ सन्की खालको । पुरोहितले रिसाउँदै भनेछ– "यस्तो मंगलको कुरो पनि पहिले नै नसोधिकन जन्तीको पक्कापक्की भइसकेपछि आज आएर मसंग सोध्ने ? आज दुलही लिन जाने साइत छैन । आज गयौ भने अमंगल हुनेछ ।" गुरुको कुरो सुनी विचरो त्यस व्यक्ति त्यसदिन जन्ती नगइकन भोलिपल्ट मात्र दुलही लिन जाने निर्णय गरेछ । तर उता दुलही पक्षले पहिले तोकिएको साइतमा जन्ति नआएको कारणले वेसाइत नपारोस् भन्ने मनसायले त्यही दिन अर्को केटा एउटा खोजी आफ्नो छोरीलाई विवाह गरी दिइपठाएछ ।

जब भोलिपल्ट पहिलो केटोले दुलही लिनगयो, तब गाउँलेहरूले रिसाउँदै उनीहरूलाई झपारेछ "तिमी नगरवासीहरू वेइमान रहेछौ । हिजो नै लिन आउनुपर्ने दुलहीलाई किन लिन नआएको ? दुलही त हिजो नै अर्कै केटा खोजेर विवाह गरी दिएर पठाइसक्यौं ।" यही विषयलाई लिएर दुवै तर्फबाट भनाभन भई झगडा हुनपुग्यो । फलस्वरूप मंगलकार्य अमंगलमा परिणत हुनपुग्यो । त्यसैले क्लेशको परिणाम राम्रो हुँदैन ।

पुरोहित गुरुको मनमा उठेको क्लेशको कारणले गर्दा र अहंकारको कारणलेगर्दा मंगल कार्य अमंगल हुनपुग्यो भने साइत नै बेसाइत हुनपुग्यो । ■

★

# जीवन-जगत

*–भिक्षु सुशील*

जगतया थ्व रीत गजबगु
य:सां थ:गु छुं हे मजुइगु
गुगु थौं य:थें य:थें च्वंगु
कन्हय् जुइवं व हे मयइगु ॥१॥

प्याय्चाया: याताप्याता वंगु इलय्
छपास: ल:नं अमरित जुइगु
सुलुसुलु सुलु न्ह्या:गु मनय्
गुनुगुनु गुनुगुनु खँ ल्हाइगु ॥२॥

छपला: न्ह्योने यंकेत स्व:सा
मेगु पलाखं ल्यूने साली
धेधे चूपिं मनुखं थ:गु
जीवन ब्याक्कं सितिकं फुकी ॥३॥

जीवनया मू थुइकेत स्व:सां
आशया सिखलं चीका च्वनी
फसं दाया: सीगु व पाल्चां
सन्देश मनूयात बियांच्वनी ॥४॥

गुब्लें हाबलासा प्वालाक्क त्व:थें
नुगलं अनित्ययात खंकी
गुब्ले सुपाचं भुंगु सर्ग: थें
स्वार्थय् मनुखं थ:त तंकी ॥५॥

सुंसां दंगु भुलुसुलु इलय्
गुनुगुनु नुगलय् खँ ल्हाइ रे
म्हुतुं तछ्याना छुं धाये मफुसां
मिखा निगलं ज्वया बी रे ॥६॥

जीवन दुवातय् याताप्याता वंका
छुं हे मयासें च्वनेमते रे
त्वह: छगूजक न्ह्योने तया:
झसुकालय् थ:त कुनेमते रे ॥७॥

वसन्तय् कोकील झंग: हा:थें
जीवन अमरित इना ब्यू रे
कन्हय् छु जुइया चिन्ता मयासें
शान्तिया लुखा छं चायेकि रे ॥८॥

# धनगढीमा यसरी मन गढी

**– विश्व शाक्य,** पोखरा

वैशाख पूर्णिमा आउनु ५/७ दिन अगाडि हामी (गोविन्द ताम्राकार, वृजलाल र यस पंक्तिकार) नारायणस्थानबाट नियमित विहानको साधना सकेर फर्कंदै थियौं । गोविन्द भाइले यो पटक श्रद्धानन्द भन्ते २५४५ औं बुद्ध जयन्ती कार्यक्रमको लागि धनगढी जानुहुने कुरा बतायो । धनगढीको नाम सुन्ने वित्तिकै पंक्तिकारको मुखबाट एकाएक निस्क्यो– 'ए धनगढी जाने भए त अनुकूल मिले म पनि जाने थिएँ ।" पंक्तिकारको यस वाक्य पछि गोविन्द भाइले श्रद्धानन्द भन्तेले पनि धनगढी जाने साथी खोजीरहनु भएको बतायो । हामी सरासर धर्मशीला बुद्ध विहार गयौं । श्रद्धानन्द भन्तेसंग भेटगरी अनुकूल मिलेमा पंक्तिकार धनगढी जाने सल्लाह भयो । त्यसको १/२ दिनमा धनगढी जानको लागि बुद्धजयन्ती समारोह समिति काठमाडौंले हवाइ जहाजको टिकट व्यवस्था गरिने भएको जानकारी भन्तेबाट प्राप्तभयो । त्यसको लागि हामी वैशाख २० गते काठमाडौं जाने निधो भयो कारण २१ गते धनगढीको लागि उडान थियो ।

२१ गते काठमाडौंबाट २ बजेको शाही नेपाली वायुसेवा निगमको जहाजबाट उडान थियो । हामी निर्धारित समयमा हवाई ग्राउण्ड पुग्यौं । ३ बजिसक्दा पनि जहाज उड्ने कुनै खबर छैन । समय ढीलाई हुनगएकोमा न खबर न जानकारी । एकाएक ३ बजेर १० मिनेट गएपछि धनगढी जाने यात्रुहरू आउनुहोला भन्ने चिच्याहट ढोकाबाट भयो । नेपालगंज र धनगढीका यात्रुहरू निर्दिष्ट स्थल लागे । नेपालगंजका ३ जना र धनगढीका ९ जना यात्रु लिएर दिउँसो ३:१५ बजे धनगढीको लागि जहाज उड्यो ।

पहिलो पटक पंक्तिकारको लागि जहाजको यत्तिलामो सफर रोमाञ्चक थियो । पहाडलाई छिचोलेर जहाज मधेशतिर लाग्यो । काठमाडौंबाट उडेको ४० मिनेटमा जहाज बुटवल माथिको आकाशमा आइपुग्यो । त्यसको ४० मिनटमा बाँके जिल्लाको कोहलपुर माथि आकाशमा आइपुग्यो । त्यस उताको यात्रा पंक्तिकारको लागि नवीन थियो । स्थानहरूको जानकारी थिएन । कोहलपुरको आकाश छिचोलेको आधा घण्टा पछि जहाज धनगढीको हवाइ मैदान टेक्यो । सबै यात्रु धनगढी झरे बाँकी ३ जना यात्रु बोकेर जहाज नेपालगंजको लागि उड्यो ।

हवाइ जहाज ग्राउण्डबाट धनगढी बजार १३ किलोमिटर टाढा रहेछ । हिंडेर पुग्ने सम्भव थिएन । बुद्धजयन्ती समारोह समितिले धनगढीमा हाम्रो आगमनको जानकारी दियो होला भनेर भन्ते विश्वस्त हुनुभएको रहेछ तर हवाइ ग्राउण्डमा हामीसँग आएका सबै यात्रु गैसक्दा पनि हामीलाई लिन आएका त्यहाँ कतै कोही नदेखिए पछि टेलिफोनबाट प्रेमलालजीको परिवारसँग सम्पर्क भयो र एकडेढ घण्टा कुरेरै भएपनि हामी गन्तव्यमा पुग्न सक्यौं । विना वाधा, विना अडचन, विना दु:ख ।

धनगढी बजार एकसरो पूर्व-पश्चिम तन्किएको रहेछ । धनगढी चौराहाबाट निक्कै वेर पूर्वतिर लागेपछि साँझपख लोकचक्र बुद्ध विहार, बुद्धमार्गको प्राङ्गणमा हामीलाई गाडीबाट ओरालियो । साँच्ची, भारतको बुद्ध स्तूपको ढाँचामा बनाइएको विहार र स्तूपले देख्दैमा मनमोहित तुल्यायो । हामी आइपुगेको थाहा पाएर प्रेमलालजीकी पत्नी तथा धर्मोदय सभा धनगढीकी अध्यक्षा प्रेमकुमारी तुलाधर र उहाँकी छोरी जानकीले सहर्ष स्वागत गरिन् । (पंक्तिकारलाई उहाँहरूको र परिवारजनको पहिचान थिएन पछि श्रद्धानन्द भन्तेबाट ज्ञात भयो ।)

भोलिपल्ट २२ गते कार्यक्रम केही रहेनछ । यसको फाइदा हामीले पुराका पुरा उठायौं । विहानको नास्ता पानी सकेर हामी महेन्द्रनगर लाग्यौं । बसबाट जाँदा दुईढाई घण्टा लाग्दो रहेछ, जीपमा जाँदा पैंतालिस मिनेट, १ घण्टा लाग्ने रहेछ । हामी जीपमा गयौं । महेन्द्रनगरमा साथीको घर (पंक्तिकारको साथी साहित्यकार भाउपन्थी) थियो, विहानको खानपिन त्यहीं



Downloaded from http://www.dhamma.digital

सकेर हामी नेपालको पश्चिम किनारा शारदा व्यारेज, बनबासा घुम्न गयौं । नेपालको पश्चिम सीमाना टेक्ने एउटा रोमाञ्चक यात्रा पूर्णभयो । शारदा व्यारेज भएरै टनकपुर गईंदो रहेछ तर हामी गएनौं ।

धनगढीमा बुद्ध जयन्ती भव्यताका साथ मनाइने भए तापनि २३ गतेसम्म पनि खासै कार्यक्रम केही थिएन । कार्यक्रमको आयोजक धर्मोदयसभा भनिएर निम्तो वितरण गरिएको देखिए तापनि धर्मोदयसभाका सदस्य पदाधिकारीहरूको खासै संलग्नता र सक्रियता त्यहाँ देखिएको अनुभव पंक्तिकारलाई भएन । हुनत पंक्तिकार सम्बन्धित व्यक्तिहरूबाट अपरिचित भएर पनि हुनसक्छ । बुद्ध जयन्ती समारोह समिति गठन गरिएको भए तापनि कार्यक्रमको सम्पूर्ण तयारी स्व. प्रेमलालजीको घरपरिवारबाटै भैरहेको देखियो । हुनत यसपटक आर्थिक सङ्कलनको काम र वैशाख पूर्णिमाको बेलुकी देखाइने साँस्कृतिक कार्यक्रमको सम्पूर्ण तयारी युनेस्को क्लब, धनगढीले व्यवस्थापन गरिएको कुरा जानकारीमा आएको थियो । वैशाख पूर्णिमाको अधिल्लो दिन वैशाख २३ गते लोकचक्र बुद्धविहार, धनगढीमै बसेर आइरहनु भएका लामा युद्धरत्न रूम्पाज्यूबाट होमादी पूजा सम्पन्न भयो । पूजामा हाम्रो सहभागिताको खासै आवश्यकता नदेखिएको र अरू कार्यक्रम पनि नभएको हुँदा २३ गते यसो उसो गर्दैमा व्यतित भयो । साँझपख विहारको परिसरतिर यताउती कहीं तीनको वोर्डमा कहीं शीलामा लेखिएका आलेखहरू पढेर, लेखेर समय कटाइयो । विहारको भित्र धर्मोदय सभाका पदाधिकारी र लोकचक्र विहारका सदस्यहरूको नामाङ्क देखियो भने विहारको बाहिरी पूर्वी भागमा लोकचक्र विहारको नाममा ठूलै रकम अक्षयकोष राखी त्यसैको व्याजले विहारको गतिविधि संचालनार्थ अक्षयकोषको लागि चन्दा दिने चन्दा दाताहरूको नामावली रहेछ । विहारको प्रार्थना कक्ष भित्र माटाको बुद्धमूर्ति एउटा (बीचमा) र दायाँबायाँ ढलोटका २ वटा बद्ध मूर्ति छन् । ती २ वटा बुद्ध मुर्तिमा एउटा स्वयम्भू ज्ञानमाला खल: को तर्फबाट प्राप्त भएको बताइयो । अर्को केही सानो आकारको बुद्ध मूर्ति स्व. प्रेमलालजी स्वंय्मले ल्याउनु भएको थाहा भयो । प्रार्थना (पूजा) कक्षको बाहिर पूर्वमा एउटा चैत्य छ र चैत्यको अगाडि बज्रयानी अवशेष बज्र र त्योसँगै स्व. प्रेमलालज्यूको पञ्चाङ्ग आशनमा सिमेन्टको प्लास्टर मूर्ति स्थापित गरिएको छ । मूर्तिको तल लेखिएको छ– स्व. वकिल प्रेमलाल तुलाधर पजातन्त्र सेनानी, जन्म: वि.सं. १९८४ स्वर्गारोहण वि.सं. २०५४ पौष २७ गते ।

चैत्य अगाडि राखिएको वज्रसँगै दाहिनेतर्फ २ वटा शिला लेख राखिएका छन् । ती दुईवटा शीलामा एउटामा भूमिदान बारे लेखिएको छ भने अर्कोमा विहारको छाना ढलानको लागि दिइएको दान बारे उल्लेख गरिएको छ । त्यहाँ लेखिएको छ–

लोकचक्र बुद्ध विहार तथा शान्ति उद्यान गुठी धनगढी कैलाली, बुद्ध धर्मको विकासको लागि सुदूर पश्चिमाञ्चल क्षेत्रमा सर्वप्रथम स्थापित, जन्मदाता पिता लोकमान तथा माता चक्रकुमारीको स्मृतिमा संस्थापक एवं भूमिदाता पुत्र– प्रेमलाल तुलाधर वधू, प्रेम कुमारी सम्वत् २०४४"

यसैगरी अर्कोपट्टी लेखिएको छ– "बुद्ध धर्मको विकास र जन्मदाता स्व. पिता पूर्णमान, स्व. माता पद्मकुमारीको निर्वाणका लागि लोकचक्र बुद्ध विहार धनगढीमा रु. १,३३,०२५/– को लागतमा पूजा भवनको छत, सिंढी आदि विभिन्न निर्वाण कार्य गरेको, सम्वत् २०५३ निर्माता– नेपालगंज निवासी छोरा– हेराकाजी शाक्य, बुहारी– मङ्गलीमाया शाक्य ।

विहारमा स्थाई र अस्थाई जेजति निर्माण कार्य भएका छन् ती सबै स्व. प्रेमलालजीकै जीवनकालमा बनेका छन् । लोकचक्र बुद्ध विहार, धनगढीको बारेमा केही जानकारी लिने चाहना यस पंक्तिकारको थियो । यस सिलसिलामा स्व. प्रेमलालजीको परिवार र प्रेमलालजीका सहयात्री मित्र वकिल गगनराज भट्टसँगको कुराकानीमा धेरै कुरा थाहापाउने सौभाग्य प्राप्तभयो । श्री भट्टज्यू वि.सं. २०३६ साल वैशाख १६ गते बुद्ध जयन्तीको दिन बुद्ध जयन्तीको निहू पारेर एउटा राजनैतिक बनभोज कार्यक्रमबाट धनगढीमा बुद्ध जयन्ती कार्यक्रम शुभारम्भ भएको बताउनु हुन्छ ।

पंचायतकालमा राजनीति पार्टीमा प्रतिबन्ध भएको र पार्टी गतिविधि संचालन गर्न एउटा निहूँको आवश्यकता पर्ने भएबाट वैशाख पूर्णिमाको दिन बुद्ध जयन्तीको निहूँ पारी बनभोजको नाममा राजनीतिक भेला गरिएको र तदनोपरान्त धनगढीमा स्व. प्रेमलाल तुलाधरज्यूको र उहाँको परिवारको सक्रियतामा बुद्ध जयन्ती समारोह मनाउँदै आइरहेको सविस्तार चर्चा गगनराज भट्टज्यू गर्नुहुन्छ ।

यसैगरी स्व. प्रेमलालज्यूको परिवारबाट प्राप्त जानकारी अनुसार वि.सं. २०३६ सालबाट बुद्ध जयन्ती मनाउने परम्पराको शुभारम्भ भएको भए तापनि वि.सं. २०३९ सालबाट मात्र वृहत रूपमा शान्ति पदयात्रा सहित बुद्ध जयन्ती मनाउने क्रम शुभारम्भ भएको बुझिन्छ। आफ्नै घर कोठामा पहिलो पटक लामा गुरुज्यू पेमा वाङग्यालबाट बुद्ध मूर्ति स्थापित पछि प्रारम्भ भएको बुद्ध पूजा र बौद्ध गतिविधि बुद्ध विहार निर्माण र शान्ति उद्यान निर्माणार्थ पुगनपुग ४ कठ्ठा जग्गा दान पछि वि.सं. २०४४ सालमा विहार निर्माणको लागि शिलान्यास कार्यबाट बुद्धधर्मको जग मजबुत हुन आएको देखिन्छ । श्रद्धेय भिक्षु मैत्रीबाट लोकचक्र बुद्ध विहारको शिलान्यास भएको ज्ञात हुन्छ भने धनगढीमा वर्षावास बस्ने पहिलो भिक्षु पनि उहाँनै देखिनु हुन्छ । लोकचक्र विहारको निर्माण सम्पन्न भैसकेपछि मात्र सँगैको चैत्य निर्माण भएको प्रेमलालजीको परिवारजन बताउनु हुन्छ। स्मरण रहोस् प्रेमलालजीको जीवनको अन्तिम घडीतिर वि.सं. २०५४ सालमा स्व. प्रेमलालजीकै विशेष सक्रियतामा धर्मोदय सभाले प्रत्येक २/२ वर्षमा आयोजना गर्ने राष्ट्रिय बौद्ध सम्मेलनको आयोजना भएको थियो। कार्यक्रम सुसम्पन्न भएको लगत्तै उहाँको देहावसान भएको थियो । केही वर्षयता बुद्ध जयन्ती कार्यक्रममा नजिकै भारतबाट भिक्षुज्यूहरू सहभागी भैदिन आइदिनु हुने पनि बताउनु भयो। यसरी २३ गतेको साँझ रोचक जानकारी सहित व्यतित भयो ।

२४ गते मूल कार्यक्रम, जसको लागि हामी धनगढी पुगेका थियौं। विहानै नुहाइवरी विहार प्राङ्गणमा दाखिला भयौं । धनगढीमा गर्मी त छँदै थियो । त्यही कारण पनि विहान ६ बजे नै शान्ति पदयात्रा शुरू गरि हाल्ने चर्चा थियो । तर सात साढेसात बजे अगाडि पदयात्रा शुरू हुन सकेन । शान्ति पदयात्रामा जति भव्यता र जनसहभागिता अगाडि वर्षहरूमा हुनेगरेका थिए यो वर्ष स्कूलका विद्यार्थीहरूको परीक्षा र अन्य विविध कारणले हुन नसकेको चर्चा त्यहाँ सुन्नमा आयो । बुद्ध विहारको प्राङ्गणबाट शुभारम्भ भएको शान्तिपदयात्रा धनगढी चोकमा राखिएको बुद्ध मूर्तिहरू परिक्रमा पश्चात् विहारमै फर्केर समापन भयो । त्यसपछि प्रसाद वितरण र भोजनमा व्यस्त रहे ।

बुद्ध जयन्ती कार्यक्रमको मूल आकर्षण बेलुकी ५ बजे हुने भनिएको धर्मदेशना कार्यक्रम होला भन्ने अनुमान यो पंक्तिकारको थियो तर गलत रहेछ। ५ बजे शुरू हुने भनिएको कार्यक्रम झण्डै साढे ६ बजेतिर शुरूभयो । भन्ते, गुरुमाहरूबाट धर्म चर्चा शुरू हुँदा नहुँदै ७ बजेबाट देखाइने साँस्कृतिक कार्यक्रमको आतुरताले विथोलिन पुग्यो। धर्म चर्चा सुन्न भन्दा पनि साँस्कृतिक कार्यक्रम हेर्नतर्फ उपस्थित जनसमूह आतुर देखिए । भन्तेज्यूहरूबाट संक्षिप्त धर्मचर्चा पछि धर्मदेशना कार्यक्रम समापन भयो । कार्यक्रममा पोखराबाट पाल्नु भएका भन्ते श्रद्धानन्द, भारत लखिन पुरबाट पाल्नु भएका भन्ते ज्ञानरत्न, लुम्बिनीबाट आउनु भएकी गुरुमाँ सुजाता, ब्रह्मकुमारीका वाइ इन्दु र समाजसेवी गगनराज भट्टले बुद्ध धर्म र बुद्ध जयन्ती बारे चर्चा गर्नुभएको थियो भने धर्मोदय सभाका अध्यक्षा श्रीमती प्रेमकुमारी तुलाधरको सभापतित्वमा भएको उक्त कार्यक्रमको स्वागत मन्तव्य युनेस्को क्लब धनगढीका अध्यक्ष मोति विक्रम श्रेष्ठले गर्नुभएको थियो। उक्त बुद्ध जयन्ती कार्यक्रममा लुम्बिनीबाटै आउनुभएकी गुरुमाँ खमेसी र पोखराबाट यस पंक्तिकार सहभागी रहेको थियो । २४ गतेको कार्यक्रम समापनपछि २५ गते दिउँसो २ बजेको धनगढी-पोखराको १९ घण्टाको बस यात्रापछि २६ गते विहान ९ बजे पोखरा आइपुग्यौं। बुद्ध जयन्ती कार्यक्रम त त्यस्तै हो यात्रा रोमाञ्चक रहेको अनुभव पंक्तिकारलाई भयो। ■



Downloaded from http://www.dhamma.digital

# क्षान्ति र मैत्री-९

*- भिक्षु अश्वघोषद्वारा लिखित*
*वीर्यवतीबाट अनुदित*

**मैत्रीको ११ वटा फलहरू**

माथि उल्लेख गरे जस्तै मैत्रीको अभ्यास गर्न सक्यौं भने हामीलाई ११ वटा फाइदाहरू प्राप्त हुनेछन् भनी पालि (बौद्ध) साहित्यमा लेखिएका छन् ।

(१) मैत्री चित्त बलियो हुने व्यक्तिको सुखपूर्वक निन्द्रा लाग्ने छ ।

(२) आनन्द पूर्वक निन्द्राबाट बिउँझनेछ ।

(३) नराम्रा र डरलाग्दा सपना देख्दैन ।

(४) मानिसहरूको प्रिय व्यक्ति बन्न सक्नेछ ।

(५) अमनुष्यहरूको पनि प्रिय व्यक्ति बन्न सक्नेछ ।

(६) देवताहरूले रक्षा गर्नेछ ।

(७) आगो र विष आदि जस्ता विघ्न वाधाहरूबाट मुक्त हुन सक्नेछ ।

(८) चित्त एकाग्र हुनलाई धेरै समय लिंदैन ।

(९) अनुहार हँसिलो हुनेछ ।

(१०) मरण अवस्थामा पनि वेहोश हुनेछैन ।

(११) असल गति प्राप्त गरी ब्रह्मलोकसम्म जाने सौभाग्य प्राप्त गर्न सक्नेछ ।

(१) सुखं सुपति (सुखपूर्वक निन्द्रा लाग्ने) :

धेरै जसो व्यक्तिहरू निन्द्रामा घुर्ने, जथाभावी कराउने, मनपरी चल्दै तकियामा खुट्टा परेको पनि होश नराखी सुत्ने मानिसहरू पनि छन् । तर मैत्री चित्त भएका मानिसहरू निन्द्रामा जथाभावी चल्ने गर्दैनन् । पहिला जसरी सुतेको थियो त्यसरी नै रातभरी सुत्ने गर्छ ।

(२) सुखं पटिबुज्झति (आनन्दपूर्वक निन्द्राबाट ब्यूँझनेछ) :

कसैकसैलाई निन्द्राबाट ब्यूँझेर उठ्ने वित्तिकै रिंगता लाग्ने हुन्छ, कसैलाई हाई-हाई मात्र आई फेरि सुत्नु पर्ने जस्तो नरमाइलो भइरहन्छ । मैत्री चित्त बलियो भएका मानिसहरू सुतेर उठ्ने बेला कमलको फूल फूलेको जस्तो शरीर हलुका भइरहन्छ । अल्सि लागेको हुँदैन ।

(३) न पापकं सुपिनं पस्सति (डरलाग्दो सपना देख्दैन) :

धेरैजसो मानिसहरू सुतिराख्ने वेला निन्द्रामा नै चोर, डरलाग्दो सर्प, बाघ, भालु देख्यो भनेर, घर आगलागी भयो भनेर डरलाग्दो तरिकाले सपना देख्ने गर्छ । कोही व्यक्ति त निन्द्रामा नै चिच्याएर कराउने गर्छ । मैत्री भावना बलियो भएको व्यक्तिले यसरी डर लाग्दो सपना देख्दैन । उ सपनामा मनपरी कराउने पनि गर्दैन ।

(४) मनुस्सानं पियो होति (मानिसहरूको प्रिय बन्छ) :

कुनै कुनै व्यक्तिहरूको रीस उठ्ने वेला उनीहरूको अनुहार भिमसेनको अनुहार जस्तै भइरहन्छ । उसको अनुहार हेर्ने जति सबै व्यक्तिलाई अप्रसन्न पारिरहन्छ उसले । उसको अप्रसन्न अनुहारले गरेर अरूहरूको मन पनि बिग्रिने हुन्छ । तर मैत्री चित्त बलियो हुने व्यक्तिहरूको अनुहार गुलावको फूल जस्तै प्रसन्न भइरहन्छ । उसको अनुहार हेर्ने अरू व्यक्तिहरूको अनुहार समेत प्रसन्न हुन्छ । यो बानीले गरेर त्यस व्यक्तिलाई धेरैजसोले मन पराउने हुन्छ ।

(५) अमनुस्सान पियो होति
(अमनुष्यहरूले पनि मनपराउँछ) :

धेरै जसो ठाउँमा नाना प्रकारका अमनुष्य भय छ भनिन्छ । बुद्धकालीन समयमा पनि यस्तै कुरामा विश्वास गरिन्छ । विसाख भन्ने एक भिक्षु गाउँमा वर्षावास बसी मैत्री भावनाको अभ्यास गरिरहेको थियो वर्षावास ३ महिना नाघे पछि उ गाउँबाट फर्कने तरखर गरिरहेको वेलामा एक केटी (देवता) रोइरहेकी थिईन । यो देखि भिक्षु विसाखले सोधेछ– किन रोइरहनु भएको ? देवीले भनिन्– तपाई यहाँ ३ महिना बस्नुहुँदा अमनुष्य भय, झैझगडा आदि केही हुन पाएन । एकदम उद्धण्ड र चण्ड स्वभावका मानिसहरू पनि एक आपसमा मेल मिलाप गरी शान्त पूर्वक दिन बिताइरहेका छन् । त्यसैले तपाइँ यहाँबाट नफर्किनु भए वेश हुन्थ्यो । यस घटनाले मैत्री चित्त बलियो भएको व्यक्तिलाई अमनुष्यहरूले पनि मनपराउँदो रहेछ भन्ने कुरो बुझाउँछ ।

(६) देवता रक्खति (देवताहरूले रक्षा गर्दछ) :

यो घटना बुझाउनको लागि बुद्धकालिन घटना एउटा प्रस्तुत गर्दैछु ।

बुद्धकालिन समयमा ५०० जवान भिक्षुहरू एकपटक हिमालय तर्फ घुम्न गएका थिए । वर्षावास (चतुर्मासको समय) बस्ने समय पनि भएको थियो । एकठाउँमा पानीको झरना, पहाड, नदी आदि रमणिय वातावरण भेटिएपछि उनीहरूले त्यहिं केही दिन बिताइ

नजिकैको करीब एक हजार जति घर भएको गाउँमा गए । त्यस गाउँका मानिसहरूले भिक्षुहरू दर्शन गर्न नपाइराखेको र धर्मदेशना सुन्न नपाईराखेकोले भिक्षुहरू देख्ने वित्तिकै रमाउँदै उनीहरूलाई (भिक्षुहरूलाई) स्वागत गरे । तुरून्त बस्ने ठाउँको प्रबन्ध मिलाइदिए । भिक्षुहरू त्यहाँ बसेपछि त्यस जंगलमा रूख माथि बस्ने देवताहरू सबै तल झर्नु पऱ्यो । उनीहरूका बच्चाहरू समेतलाई तल भूईंमा राख्न पऱ्यो । भिक्षुहरूको गुण ती देवताहरूको गुण भन्दा पनि माथिल्लो दर्जाको भएको कारणले गर्दा देवताहरू रूख माथि बस्न नसकेको हो । ती भिक्षुहरू दुई चार दिन मात्र त्यस जंगलमा रहने होला भन्ने ठानी देवताहरू तल बस्न परेपनि सहेर बसेका थिए । तर ती भिक्षुहरू सबै एक ठाउँमा जम्मा भई तीन महिनासम्म राम्ररी शील पालन र ध्यान भावना गरी क्लेश (नराम्रा कुभावहरू) हटाई ज्ञान लाभ गरौं" भन्ने विषयमा सल्लाह भयो । यस्तो कुराकानी भएको ती देवताहरूले सुनेछ र ती देवताहरू बिच "यी भिक्षुहरू त महिनौं महिनासम्म यहिं रहने भएछन् । अब हामीलाई तकलिफ हुने भयो । अब यी भिक्षुहरूलाई तर्साएरै भएपनि यहाँबाट भगाउनु पऱ्यो ।" भनी सल्लाह भयो ।

स्थानिय उपासक उपासिकाहरूले भिक्षुहरूलाई चाहिने जति खाद्य पदार्थ र आवश्यक व्यवस्थाहरू मिलाई दिए । तर राती राती डरलाग्दो तरिकाले तर्साउन आउने, डरलाग्दो शब्द सुनिने, दुर्गन्धिहरू सुँध्नु पर्ने आदि कारणले गर्दा भिक्षुहरूलाई शान्ति भएन । भिक्षुहरू पनि नयाँ परेकोले उनीहरूको मन कमजोड खालको थियो । त्यसैले उनीहरू तर्से । फलस्वरूप उनीहरू दुब्लाउँदै गए । राती यसरी तर्साउन आउने कुरो उनीहरूले कसैलाई भनेनन् । तर्सिएर मात्र बसे । भिक्षुहरू दुब्लाउँदै गएको देखि जेठो र प्रमुख महास्थविर भिक्षुले सबै भिक्षुहरू जम्मा गरी सोधे– किन तिमीहरूलाई यहाँ के अनुकूल मिलेन ? खाने पिउने प्रबन्ध त राम्ररी नै मिलि रहेको छ । तर तिमीहरू सबै किन यसरी दुब्लाउँदै गएको ?

अनि भिक्षुहरूले उनीहरूलाई घटिरहेको घटना बारे विस्तारै वर्णन गर्दै ल्याए । कसैले भने– राती डर लाग्दो शब्दहरू सुनिन्छ । डरलाग्दा दृश्यहरू देखिन्छन् । फेरि सहनै नसक्ने दुर्गन्धहरूले भरेको हावा आउने गर्छ । यसले गर्दा हाम्रो मनमा शान्ति छैन । यी कारणहरूले गर्दा राती निन्द्रा नै लाग्दैन । तर लाजको कारणले हामीले कसैलाई पनि यस घटना विषयमा बताएका छैनौं ।

प्रमुख भिक्षुले भने– "त्यसो भए यो ठाउँ वर्षावास बस्न अनुकूल छैन । हामी सबै यहाँबाट फर्कौं ।" सबैजना जेतवन विहारमा फर्के ।

यो देखेर भगवान बुद्धले उनीहरूलाई सोध्नु भयो– "तिमीहरू वर्षावास बस्ने भनी गाउँमा गएका थियौ । किन फर्क्यौं ? वर्षावासको समयमा त्यसरी हिंडडुल गरिरहनु हुँदैन ।"

भिक्षुहरूले भगवान बुद्ध समक्ष सबै कारणहरू खुलस्त बताए । भगवान बुद्धले विचार गरेर भन्नुभयो– तिमीहरूलाई त्यस स्थान बाहेक अर्को स्थान अनुकूल छैन । तिमीहरूसंग मैत्री चित्त बलियो छैन । मन पनि कमजोर छ तिमीहरूको यही कारणले गर्दा तिमीहरू त्यहाँ बस्न सकेनौ । त्यसैले तिमीहरू सबैले आ-आफ्ना मन बलियो पार्न मैत्री भावना गर्नु । मैत्री चित्त बलियो पार्नु । बेलुकी पख संधै तिमीहरू एक स्थानमा जम्मा भई मन शुद्ध पार्दै मैत्री सूत्र पाठ गर्नु । मैत्री भावना पनि गर्नु । यति गरेपछि तिमीहरूलाई केही पनि हुँदैन । मन काथर हुनेछैन ।

भिक्षुहरू सबै बुद्धको आज्ञानुसार त्यहिं गई विधिपूर्वक मैत्री भावना गरे । मन शुद्ध र बलियो बनाए । त्यहिबेला देखि कसैलाई केही पनि भएन । देवताहरू र अरूले पनि उनीहरूलाई मान सम्मान पूर्वक रक्षा गरे भन्ने कथन छ । (आजभोली मात्र देवताहरू कतै टाढा गएर बसेको हो कि कुन्नि ।)

(७) नास्स अगिग वा विसं वा सत्थं वा कमति (आगो, विष र शस्त्रले छुँदैन) :

मैत्री चित्र बलियो हुने व्यक्तिलाई आगो र विषले छुँदैन । पुस्तकमा उल्लेखित घटनाहरू अनुसार उत्तरा भन्ने उपासिकालाई उम्लिरहेको घ्यूले पोलेन, संयुक्तभाणक चूलसिव भिक्षुलाई आगोले छोएन, संकिच्च श्रामणेरलाई शरीरमा हतियारले छोएन भनिएको छ । मैत्री चित्त बलियो हुने व्यक्तिको शरीरमा आगो, विष शस्त्र प्रहार गरेपनि पीडा, कष्ट हुँदैन अर्थात् त्यसले सहन सक्ने गुण वृद्धि गर्न सक्छ । यहाँ उत्तरा उपासिकाको घटना प्रस्तुत गर्दैछु ।

उत्तरा नाम गरेकी उपासिका राजागृह नगरका पूर्णक सेंठकी छोरी थिइन् । ती केटी भगवान बुद्धको उपदेश सुनी आफ्नो व्यवहार सुधारी स्रोतापन्न ज्ञान



Downloaded from http://www.dhamma.digital

प्राप्त गर्न सफल भएकी थिईन् । अर्थात् उनी ज्ञानको एक तह पार गर्न सफल भइसकेकी थिइन् । उनीमा अन्धविश्वास थिएन । म र मेरो भनी आशक्त हुने भावना पनि हटाइसकेकी थिईन् । त्यति मात्र होइन नचाहिंदा शंका उपशंकाहरू पनि हटाइसकेकी थिइन । ती केटी जवान भइसकेपछि उनीलाई राजगृहका एक महाजनको छोरोसंग विवाह गरिदिए । त्यस महाजन भने अबौद्ध रहेछ । उत्तरा भने बुद्धशिक्षाको अनुयायी मात्र होइन स्रोतापन्न भएकी हुँदा अचल श्रद्धा सम्पन्न, भएकी र बुद्ध धर्म र संघको गुण सम्झी, उपदेश सुनी दान दिई गुण धर्म पूरा गर्नु पर्ने केटी थिइन् । विचार धारा नमिलेको कारणले उत्तरालाई मनमा दुःख अनुभव भयो । जीवन नरमाइलो भयो । त्यसैले त्यस उपासिकाले आफ्नो बुबालाई चिठ्ठी लेखीछ– "मेरो प्यारो बुबा ! मलाई कस्तो ठाउँमा दिई पठाउनु भएको ? यहाँ आएदेखि भगवान बुद्ध र भिक्षुहरूको दर्शन गर्न पाएकी छैन मैले । धर्म देशना सुन्ने मैका पाइन । दान प्रदान गर्ने कार्य त कता कता । वरू मलाई कतै बौद्धहरूको घरमा दासीको रूपमा राखिदिएको भए राम्रो हुने थियो । त्यहाँ भए धर्म कर्म त गर्न पाइन्थ्यो ।

बुबा चाहिं आफ्नी छोरीको चिठ्ठी पढी धेरै चित्त दुःखाएर बसे । बुबाचाहिंले १५ हजार रूपैंया साथमा राखी छोरीलाई पत्र पठाए । पत्र यसरी लेखेको थियो– "छोरी ! कुरो बुझें । तिमीलाई १५ हजार रूपैंया दिएर पठाएको छु । सिरिमा भन्ने एक राम्री वेश्या छिन् । जसले दिनको तलब एकहजार लिने गर्छिन् । यो १५ हजार रूपैंया त्यस केटीलाई दिई तिम्रो स्थानमा उनीलाई राखी १५ दिनसम्म तिम्रो श्रीमान्को सेवा गर्ने काम दिनु । तिमीले १५ दिनसम्म भिक्षुहरूलाई दान प्रदान गरी धर्म कर्म गर्नु ।"

बुबाको दयापूर्ण चिठ्ठी र रूपैंया पाई खुशी भइरहेकी उत्तराले सिरिमा भन्ने गणिका (वेश्या) कहाँ गई भनिन्– साथी सिरिमा ! यो १५ हजार रूपैंया तिमीले लिनु र १५ दिनको लागि मेरो श्रीमान्को आवश्यक सेवा गरिदिनु । म १५ दिनसम्म धर्म कर्म गर्ने कार्यमा लाग्दैछु । सिरिमा वेश्याले यो कुरा स्वीकार गरिन् । उत्तराले उनीलाई साथमा लिई सरासर आफ्नो श्रीमान् समक्ष गईन् । श्रीमान्ले सोधे– "ती को हुन् ? कस्ती राम्री केटी ?" उत्तराले भनिन्– "१५ दिनको लागि मेरो स्थानमा बसी तपाईंको सेवा गर्छिन् यिनले । तपाईं सन्तोषपूर्वक रहनुस् । यिनले तपाईंको भरपुर सेवा गर्नेछिन् । श्रीमान्ले सोधे– "तिमी कहाँ जाने त ?" उत्तरा– "१५ दिनसम्म धर्म गर्ने इच्छा राखेकी छु । यहीं बसेर दान दिने र धर्मदेशना पनि सुन्ने गर्छु । श्रीमान् चाहिंले सिरीमा गणिकालाई नियालेर हेर्न थाले । मनपर्‍यो उसलाई मनमनले खुब राम्री केटी ठान्यो होला । खुशी हुँदै सिरीमालाई स्वीकारे उनले ।

त्यसदिन देखि उत्तरा उपासिका खूव व्यस्त रहिन् । दान प्रदान गर्ने सामान, भोजन गराउने सामान आदि सबै जुटाउने तरखरमा लागिन् उनी । आफ्ना साथीहरूलाई पनि यस्तो गर्नु उस्तो गर्नु भन्दै अऱ्हाउन थालिन् । खूव खुशी थिइन् उनी । भिक्षुहरूलाई पनि निमन्त्रणा गरी भोजन खुवाउन थालिन् ।

एकदिन श्रीमान् चाहिंले उत्तरा के गरिरहेकी होलिन् भनेर हेर्दा उत्तराको अनुहारमा कालो दाग लागिरहेको, टाउको भरि खरानी छरिएको, लगाइराखेको लुगा पनि अस्तव्यस्त रहेको देख्यो । यसरी फुर्सद नै नपाउने गरी हस्यांग फस्यांग गर्दै हिंडीरहेकी उत्तरालाई देखेर उनको लोग्नेले विचार गरे– मूर्ख आइमाई, आनन्दपूर्वक बसी मोज गर्न छाडी चाहिंदो नचाहिंदो दुःख गरेर काम गर्दैछिन् अनुहारमा कालो मोसो लागेको पनि होश नगरी त्यस्ता भिक्षुहरूलाई भोजन खुवाउन दौडिरहेकी भन्दै फिसिक्क हाँसे ।

सिरिमा गणिकाले उनीले सेवा गरिराखेकी पुरुष किन हाँस्यो होला भनी यसो हेरेको त उत्तरालाई देखिन् । सिरीमा वेश्याले आफू महाजनको घरमा मोजले बसिराखेको र १५ दिनको लागि आफूले १५ हजार रकम लिई आइरहेको भन्ने कुरो पनि बिर्सेछ । वेहोशमा उत्तरासंगा इर्ष्या गर्न पुगिन् । उनीले विचार गरिन्– "म भइकन मेरै अगाडि उत्तरालाई हेरी उनको श्रीमान् हाँसेको उनीलाई मैले ठीक गर्न जानेको छु, पर्ख भन्दै सरासर भान्छामा गई तताइराखेको घ्यू लिई उत्तरा भएको तर्फ बढिन् । उत्तराले थाहा पाइन्, उनी नराम्रो चित्तले अगाडि बढिरहिन् भन्ने कुरो । तैपनि उत्तराले मनमा राखिन्– त्यस सिरिमाले गरेर मैले दान दिन पाएँ, धर्म गर्न पाएँ । मप्रति उसको उपकार छ । यति मनमा राखी सिरिमा प्रति उत्तराले मैत्री चित्त राखी चुपलागेर बसिरहिन् । सिरिमा आई उत्तराको टाउकोमा उम्ली-रहेको घ्यू खन्याइदिइन् । उत्तराले चुपचाप सहेर बसिन् । उनीले केही प्रतिक्रिया जनाइनन् । *क्रमशः*

# चतुर्ब्रह्म विहार

आज त धेरैजसो सदस्यहरू समयमा नै उपस्थित हुनु भएका छन् । खुशीको कुरो हो यो । हामीले यस्तो बानी बसाल्न सक्यौं भने नेपालमा छिटो नै सुधार आउनेछ ।

एकजना सहभागी मित्रले भन्यो– "मन्त्री र सभामुख जस्ता महानुभावहरू प्रमुख अतिथी हुनु भएको समारोहहरू धेरैजसो ढीलो (नेपाली टाइममा) मात्र संचालन हुने गर्छ । तर आजभोलीको जनस्तरीय जन समारोहहरू भने छिटो नै शुरू हुनेगर्छ ।"

अर्का एकजना सहभागीले भन्यो– "अरूहरूको चर्चा नगरौं अब । बरू हामीले हाम्रो छलफल कार्यक्रमलाई ठीक समयमा नै थालनी गरौं न । यस्तो हुन सके यस कार्यक्रमले अरूलाई पन पथ प्रदर्शन गर्न सकिने छ ।

अब मैले एउटा प्रश्न राख्दैछु । हुनत म पढ, लेख नगरेको एक अनपढ ज्यापु हुँ । मलाई चतुर्ब्रह्म विहारमा जान मन लागिरहेको छ । तर त्यो विहार कहाँ रहेछ । थाहा पाउन उत्सुक भइरहेको छ ।

आयोजकको तर्फबाट उत्तर आयो– चतुर्ब्रह्म विहार भनेको भिक्षुहरू बसोवास गर्ने विहारको नाम होइन नि तपाईंलाई यस विषयमा पटक्कै थाहा रहेनछ । लौ सुन्नुस् ! चतुर्ब्रह्म विहार भनेको मानिसहरूमा हुनुपर्ने उत्तम चरित्र सहितको ४ वटा गुण धर्महरूको नाम हुन् । ती गुणहरू यसरी छन्– मैत्री, करूणा, मुदिता (प्रशन्नता) र उपेक्षा (तटस्थता) आदि । यी चार गुणहरूले सम्पन्न भएको व्यक्तिको व्यवहार उत्तम हुनेछ ।

सहभागी– ए, यस्तो रहेछ चतुर्ब्रह्म विहार भनेको ? राम्रो कुरो रहेछ नि यो त । अब यी चारवटै गुणहरूको अर्थ पनि जान्न पाए त झन उत्तम हुने भयो नि । अब यिनीहरूको अर्थ पनि भन्दै जानुस् न ।

आयोजक– ल सुन्नुस् ! शुद्ध मित्रतालाई नै मैत्री भनिन्छ । अर्को शब्दमा भन्ने हो भने द्वेष, क्रोध र वैरभाव रहितभई शुद्ध मित्रता सम्वन्ध कायम राख्ने स्वभावलाई मैत्री भनिन्छ । पाकिस्तान र हिन्दुस्तान तथा चीन र अमेरिका बिचको मित्रतालाई मैत्री भन्न सकिंदैन । शुद्ध मैत्री चित्र भएको व्यक्ति र संघ संस्थाहरूको भनाई र कार्य गराईमा फरक पर्दैन । एक आपसमा सम्झौता भंग हुने कार्य पनि हुँदैन । किनभने मैत्री चित्तले अरूको भलो हुने काम नै गर्दछ । एकआपसमा व्यक्तिगत स्वार्थभावलाई त्यागी सेवा भावलाई ठाउँ दिएको हुन्छ । पक्षपातको कुरा हुँदैन । मैत्री भावलाई ठाउँ दिने बेलामा मानिसहरू व्यवहारिक पनि बन्नुपर्दछ । तर कुनै व्यक्तिहरू यस्ता पनि छन्– मैत्री भावना गरी प्राणीहरूको मासु खाँदैनन् । तर उनीहरूले आफूलाई शाकाहारी व्यक्ति हुँ भन्ने भावना राखी घमण्डी बन्ने गर्छन् । फलस्वरूप उनीहरूले मांसाहारी अर्थात् मासु खाने व्यक्तिहरूलाई निम्नस्तरको व्यक्तिको रूपमा हेरी घृणा र हेंला गर्ने गर्छन् । प्राणीहरू प्रति दया र मैत्री भाव राखी मासु नखाने बानी त राम्रै हो । तर त्यही व्यक्तिले मासु खाने व्यक्तिहरूप्रति घृणा भाव राखी असन्तुष्ट बन्ने बानीलाई शुद्ध मैत्री भन्न मिल्दैन ।

प्रश्नकर्ता– यसरी सबै व्यक्तिहरू प्रति समान रूपले मैत्री भाव राख्न सकेको खण्डमा समय-समयमा उब्जीरहने झैझगडा र कलहको सम्भावना नै हुँदैन नि । अनि हामीलाई मन पर्ने शान्तिले स्थान लिने हुन्छ । अझ यस शान्तिलाई स्थान दिने हो भने हामीहरू एक आपसमा आ-आफ्नो कर्त्तव्य पालन गर्ने बानी पनि हुनुपर्छ । यसको साथै आ-आफ्ना गलतीहरूलाई सुधार गर्ने बानी पनि हुनुपर्छ । होइन र ?

आयोजक– ठीक कुरो गर्नुभयो तपाईंले । तपाईं अनपढ हुनुभए पनि एक सभ्य मानिसमा हुनुपर्ने गुणहरू बारे त तपाईंलाई राम्रै ज्ञान रहेछ नि । खुशी लाग्यो हामीलाई । लौ अब दोश्रो ब्रह्म विहार गुण धर्म करूणाको विषयमा जानकारी लिऔं ।

करूणा भनेको आफ्नो हृदय नरम पारी दु:खीहरू प्रति दयाभाव राख्ने बानी र लक्षण हो । कोही व्यक्ति वा बच्चा लडेर घाऊ भयो भने हाम्रो मनमा पनि दु:ख हुनेगर्छ । मनमा चोट पुग्छ । अनि त्यस दु:खी व्यक्तिलाई उपकार गर्न मन लाग्छ । यस्तो अवस्थाको चित्तलाई करूणाले भरेको चित्त भनिन्छ । तर करूणा नभएको व्यक्तिको मनमा भने अरूको सेवा गर्ने इच्छा हुँदैन । किनभने करूणा नभएका व्यक्ति दानव अर्थात् राक्षस



Downloaded from http://www.dhamma.digital

बन्न पुग्छ। तर करूणा र मैत्री चित्त भएको व्यक्तिको अनुहार हँसिलो र तेजिलो हुन्छ।

प्रश्नकर्ता– रिसालु र अट्टेरी मान्छेसँग व्यवहार गर्नुपर्दा आफ्ना मैत्री भावनै हराएर जाने गर्छ। अर्काको दोष मात्र देख्ने र अरूलाई अप्ठ्यारोमा पारी कुरा गर्ने मानिस प्रति कसरी व्यवहार गर्ने होला ? उनीहरूसँग मैत्री र करूणा चित्तले व्यवहार गर्न कठीन नै हुँदो रहेछ। अब के गर्ने ?

आयोजक– त्यस्ता व्यक्तिप्रति मैत्री भावले काम लिन नसकेको खण्डमा उपेक्षा भाव (तटस्थ भाव) ले काम लिने। त्यस अट्टेरी व्यक्तिको स्वभाव नै यस्तो रहेछ, उ अलि अशिक्षित रहेछ, अज्ञानी रहेछ के गर्नु ? भनेर उसको खराव बानीहरूलाई देखेपनि नदेखे जस्तो गर्ने। सान्है अट्टेरी भइरहन्छ भने उसँग सकेसम्म टाढा नै बस्ने। हामीले अर्को एक ब्रह्मविहार गुण मुदिताको अर्थ व्याख्या गर्न त बाँकी नै छ। अब मुदिताको अर्थ पनि बुझौं।

मुदिताको अर्थ नै आफूसंग क्षण क्षणमा उठिरहने इर्ष्या भावलाई हटाई आफूलाई संधै प्रशन्न राख्ने स्वभाव हो। अरूले राम्रो काम गरेको देख्दा, अरूको उन्नति भएको देख्दा आफू पनि प्रसन्न भई त्यसको प्रसंसा गर्ने स्वभावलाई मुदिता भनिन्छ। मुदिता गुण भएको व्यक्तिले अरूलाई यसरी प्रसंसा गर्नेगर्छ– राम्रो काम गऱ्यो उसले। धन्य रहेछ ऊ। हामीले पनि त्यस्तै काम गर्न पाएहुन्थ्यो। ... ... आदि।

अर्का एकजना प्रश्नकर्ताले भन्यो– "देखावटी धर्मकर्म गर्ने व्यक्तिहरू प्रति, दिवंगत व्यक्तिको नाममा लाखबत्ती बाली लाखौं करोडौं रूपैंया खर्च गरेर यज्ञ, होम गर्ने व्यक्तिहरू प्रति त मेरो तर्फबाट मुदिता चित्त उठ्नै सक्दैन बा:।"

उसको कुरा सुनेर सबैजना हाँसेर बसे !

एकजना व्यक्तिले आफ्नो जिज्ञासा प्रकट गर्दै प्रश्न उठायो–

बुद्ध धर्ममा जाति भेदलाई ठाउँ छैन भन्छन्। तर बुद्ध धर्मका ठूलठूला पुस्तकहरू लेखेर प्रकाशित गरे तापनि जातिभेदको भावना हट्न सकेको चाहिं देखिदैन। आफ्ना छोरा छोरीहरूले बेजातीसँग विवाह गरेको खण्डमा उसलाई आफ्नो घरमा नभित्र्याउने चलन अहिलेसम्म पनि कायम रहेको सुन्न पर्दा नमज्जा लाग्ने गर्छ। के भएको हो यो ?

उत्तर– खै ! के भन्ने ? जातिभेद त नहुनु पर्ने हो। बुद्ध र बुद्धको उपदेशलाई ठीक ज्ञान नभएका र पुराना संस्कारलाई त्याग्न नसकेका व्यक्तिहरूले बुझ्न सकेका छैनन्। तिनीहरूमा प्रशस्त अध्ययनको शक्तिले मात्र बुद्धि विलासिताले ठाउँ ओगटेको देखिन्छ। फलस्वरूप उनीहरूले बुद्ध शिक्षालाई व्यवहारमा उतार्न भने सकेका छैनन्। पण्डित्याइँ छाँट्न भने खुब जान्छन्। अपशोच लाग्छ उनीहरूको बानी व्यवहार देख्दा त।

अर्का एक जनाले आफ्नो अनुभवको कुरो सुनाउँदै भन्यो– "गजवको कुरो त यो रहेको छ, ध्यान केन्द्रका विपश्यना योगीहरू बिच समेत जातिभेद भावना हट्न सकेको देखिदैन। अरूहरूको त के कुरा ?

सहभागीहरू मध्ये कतिपयले भन्नथाले– आज त शान्तिको लागि नभई नहुने ज्ञानवर्द्धक विषयमा छलफल गरियो। यी कुराहरूलाई व्यवहारम पनि उतार्न सके त अझ राम्रो हुने थियो। थुप्रै कुराहरू छलफल गरियो नि आज। पानी पनि पर्ला जस्तो भइसक्यो। टाढा फर्किनु छ। त्यसैले आजलाई पुग्यो। बिदा ! बिदा !!

# शान्ति पथका अग्रदूत

**श्रीमती सविता तामाङ्ग**
पोखरा, नदीपुर-३

बुद्ध तिमी सान्है ज्ञानी।
हामी रहेछौं सान्है अज्ञानी॥
हामी तिम्रो शरणमा पर्छौं।
तिम्रो पाउमा शीर धर्छौं॥

सबैलाई ज्ञानी बनाई।
शान्ति पथमा लाग्नुभयो॥
सुख दु:ख सबै भोगी।
ज्ञान प्राप्त गर्नुभयो॥

बुद्ध हामीलाई ज्ञानको ज्योति देउ।
अज्ञानीलाई ज्ञानी बनाई देउ॥
हाम्रो पीर मर्का सबै लिई।
सुख दु:खमा साथ देउ॥

हाम्रो देश नेपालमा जन्म्यौ बुद्ध।
शान्ति पथका अग्रदूत॥
विश्व सामु शान्ति फैलाउँदै।
ज्ञानको ज्योति छर्दै जाउ॥

# मयोपिं नाप ह्वनाच्वने मा:गु नं दु:ख

आमुच्व्यां, जापान

दु:खया दु:खं जा:गु झीगु जीवने यक्को प्रकारया दु:ख मध्ये मयोपिंनाप ह्वनाच्वनेमा:गु नं छगू दु:ख ख: । थय्क विचा: यायूबले थ्व दु:ख साधारण दु:ख जक थें च्वं । मनूतय्त दु:ख ज्वीगु हे थ:त योगु मन्तकि इच्छा यानाथें पुरे मजुलकि, योपिं नाप बाय् मालकि दु:ख ज्वी । साधारण कथं विचा:यात धा:सा योपिं नाप च्वनेगु व योगु बस्तु प्राप्तयाय् धयागु थाकु । मयोगु वस्तु वान्छूवय्त व मयोपिं नाप मच्वनेत अ:पु । अले दु:ख दहे मन्त नि ।

मनू-मनूया दथ्वी मन मिले मजूपिं धयागु हे मयोपिं ख: । विचार पातकि व व्यवहार पातकि, अनुशासन मन्तकि, शिक्षा मन्तकि मनूतसें मनूतय् प्रति मयोगु व्यवहार याई । छक: मये धुंकलकि व मनू मिखाया धू बराबर हे ज्वी । अले खनकि हे क्रोध बढे ज्वी । ल्वापु ज्वीगु शुरू ज्वी । मने शान्ति दैमखु । मयोम्ह मनूया ख्वा: व खँ लुमंका: मने अशान्ति ज्वीका: दु:ख बढेयाई ।

मयोपिं नाप ह्वना च्वनेगु नं दु:ख धका: भन्ते गुरुमांपिसं कना बिज्याइबले, थ्व दुखंला तुरून्त हे मुक्त ज्वी फु नि धका: मने वैगु । मयोपिं नाप मच्वन धायूवंला दु:ख दहे मन्तनि । अथे जुया: झीगु समाजे नं छ्यैंया परिवारत याकनं हे व्यागलं च्वनीगु अपो जुयावइगु । भतीचा खँ मिले मजुलकि हे मयूल, अले याकन हे क्रोध बढेजुया: ल्वापु शुरू ज्वी । अले थ्व दु:खं मुक्त ज्वीत याकनं हे छ्यैंया परिवारपिं व्यागलं च्वनी ।

दु:खं तुरून्त हे मुक्त ज्वीगु बिचा: व:सांनं विभिन्न कारणवश मयोपिं नाप ल्वाना हे च्वना दु:ख ज्वीका च्वनेमा:गु नं दु । आर्थिक व सामाजिक कारणं याना: थ्व दु:खं मुक्त ज्वीमफु ।

थुगु खँया लागि छगू घटना न्ह्यब्वे–

जापानया टोकियो शरहे प्यम्ह नेपाली ब्वनाच्वंपिं व ज्या यानाच्वंपिं दु । इपिं प्यम्हस्यां थ: पहिला ब्वनाच्वंगु कोठाय् मछिना: थुगु दु:खं मुक्त ज्वीगु लागि प्यम्हं मिले जुया: न्हूगु कोठा छगू कया: च्वन । लच्छि निला तक थुपिं प्यम्ह पासापिंसं उगु कोठाय् शान्तिपूर्वक दिन बिते यानाच्वन । तर स्वला लिपा इपिं प्यम्हस्यां थ:थ:गु स्वभाव क्यनाहल । गुम्हं चान्हे दना: आख: ब्वनेमा:म्ह, गुम्हं चान्हे टि.भी. स्वय्मा:म्ह । गुम्हं चान्हे गितार थाना म्ये हालेमा:म्ह । गुम्हं न्हापां देना: सुथे न्हापां ज्या वनेमा:म्ह । इपिं सकलें कतिला: पाक: जुया: थवं थवे बिचा: पानावल । थवं थवे मनमुताव जुया ठाकठुक शुरू जुल । कथहनं बोलचाल हे बन्द जुयावल । द्यनेबले नं प्यम्ह प्यखे स्वया: द्यनेगु जुल । सुयां सुयातं योगु मखुत । थ:गु कर्त्तव्य लोमंकल । थम्हं नयागु थलबलत नं मसिलेगु यानाहल । कोठा झनझन फोहर जुल । प्यम्हं मयोपिं वहे कोठा छगुली दु:ख ज्वीका च्वनेमाल ।

थ:गु नामे कोठा कयात:म्हस्यां बाकी दुपिं स्वम्हसित नं छिपिं पिहाँ हुँ थ्व कोठा जिंहे काय्गु धका: पितिना हल । तर तुरून्त मेगु कोठा गन का:वनेगु गय् याना: याक:चां कोठा बालं कयाच्वनेगु ? कोठाया बा: याक:चां पुलेथाकु नेपाले जूसाला मयोपिं नाप च्वनेमखु धका: तुरुन्त मेगु कोठा बालं कयाच्वनेत अ:पु । कोठायाबा: नं दं । तर जापानया टोकियो शहरे काचाक्क विदेशीपिन्त कोठा बीमखु, जापानी ग्यारेण्टी मा: । थाय्या समस्या जूगुलिं कोठाया बा: नं यक्को हे थिके । छगू कोठाया बा: लच्छिया ६० हजार येन निसें १ लाख येन तकनं थ्यँ । नेपाली ध्यवा रु. ३८ हजार निसें रु. ६५ हजार तकनं थ्यौं ।

गुम्हं जापाने वया: आख ब्वना ध्यवा भचानं कमे याय्, ज्या याना ध्यवा भचा कमेयाय् धका: मती तया: जापान वयाच्वंपिं नेपाली तय्सं थुलिमच्छि ध्यवा पुला: याक:चां कोठा काय् फुगु मखु । थथे जुया: बाध्यतावश मयोपिंनाप हे च्वना: दु:खं कय्का च्वनेमाल ।

छन्हु बहनी मेपिं पासापिं मव:निबले भचा विचा: मिलेजूम्ह पासायात मिखाय् ख्वबी लल: धाय्का दु:ख प्वंकल– नेपालं निसें जापान थ्यंक वया: आख: ब्वना डिग्री कया:, भचा: सय्का सीका: भतीचा ध्यवा कमय् याना: नेपाले वना: ज्या याय् धयागु मती तया वयाम्ह ।



Downloaded from http://www.dhamma.digital

तर थनं नं भतीचा हे सुख मसिल । दु:खया दु:खहे जक का ।

नेपालीत नं जापाने वया: भतीचा हे परिवर्तन जूगु मखु । खालि न्हू व:पिं नेपालीतयत ठगे याय्गु हे जक बिचा: याइगु । उलिमछि वर्ष जापाने च्वना च्वंसां नं जापानयागु सभ्यता, आचरण, शिष्टाचार, मैत्री भावना स्वया:नं भचा हे परिवर्तन मजूनि । "वहे मुलु वहे सुका" । टोकयोले न्हापांच्वनागु कोठाय् नं न्हय्न्हुति च्वनावले कोठां दुनावनेमाल । व कोठां दनावने न्ह्यो यक्को नेपाली पासापिन्त कोठाया लागी विन्ति भाव या:जुया । तर सुनानं हे खाली कोठा दु मधा: । बल्ल धर्म दुम्ह छम्ह पासां कोठा मदुसा गामे हुँ, ज्या नं या धका गामे छ्वयाविल । अले गामे वना:च्वना । हानं अनं नं लिहाँ वया: छम्ह पासायाथाय् च्वंवना । ज्या मदुबले तकसां माने यानातल । लिपा ज्या याय्गु शुरू याना: ध्यवा व:गु खने साथंला खिचिखिचि याय्गु शुरूयात । बहनी भतीचा लिबाक्क आख: ब्वनाच्वंसा डिष्टर्व जुल धका: मत स्याइगु । ब्वने हे खंगु मखु । जाँच वइन गथे याना: जाँच बीगु । छक: निक: लिवाक्क ज्या याना: लिहाँवय्बले आमथे लिवाक्क वया: जि द्यने म्वा:ला ? थथे याना:ला मजिल धाइगु । सीमदय्क पिहाँहुँ धयाथें धयाहल । थुकथं मयेक नापं च्वंना खैमखुत । थ्वं आख: ब्वंकी मखुत: धका: भतीचा लिपा मेपिनिगु कोठा छगू माला: सरे जुया । थुगु कोठाय् नं लच्छि निला बाँलाक हे बिते जुल । लिपा विस्तारं कोठाया बा: बढेयाय् माल धका: म्हतिं १० हजार बढेयात । यदि थुलि ध्यबा पुलेगु मती मदुसा कोठा तोतूसां ज्यू धाल । ज्या याना: भतीचा ध्यवा कमे यातकि हे मनूतय् इर्ष्या ज्वीगु । थुमिके गथे याना ठगे याय्गु, वहे जक बिचा: याइगु । थुलिमछि वर्ष जापाने च्वने धुंकल, भचाला जापानया मनूतय्गु स्वभाव वय्क्यमा: । थज्या:गु देशे वया:ला मन परिवर्तन मजू धा:सा गुबले परिवर्तन ज्वी नेपालीत ?

पिहाँ वना: गन कोठा का:वनेगु ? हानं जाँच शुरू ज्वीन । न्हिच्छिं वहे धन्दा । ब्वनेगु मती हे मन्त । कोठाय् वंसां ब्वनेगु वातावरण हे मन्त । अय्सां भचा सह: याना च्वना । हानं विचा: वई– पुलांपिं पासापिन्थाय् वनेगुला । ग्व ? थ्व पासा धा:पिसं नं छु गुहाली याई । शुरूई जापान वयाबले हे च्वनेथाय् मन्त धका: धयां हे सुनानं न्हेन्हु च्यान्हु जिथाय् च्वेवा धका: धा:पिंहे मदु । अज्या:पिसं जित: छु कोठा बी । मवनेगु हे बेश धका: वास्ता मयाना ।

थथेहे समस्या जूपिं पासापिं मिलेजुया न्हूगु कोठा कया:नं वहे पह:का । थज्या:गु वातावरणय् गथे याना: ब्वनेगु ? उलिमछि ध्यबा पुला: आख: ब्वनागु, फेंल जुलकिला बरबाद हे जुलनि । जापान वयागु उद्देश्यला चकनाचूर हे ज्वीन । गो गुबले जब शान्तिं च्वने खनीगु ?

झीसं दु:ख ज्वीबले समस्या जक मदय्केगु स्वई । दु:खयात हे मदय्केगु कुत: याइमखु । न्ह्योने व:गु दु:खया समस्या जक मदयक्यगु स्वइबले छुं समय लिपा व दु:ख हानं ब्वलने फु । उकिं दु:ख जुलकि व दु:ख गथे जुया: दत धका: वालास्वत धा:सा दु:ख मद्यक्यगु लँपु नं ल्वी । अथेजुया: मयोपिं नाप ह्वना च्वनेमा:गु दु:ख वल धा:सा ब्यागलं च्वना: न्हूगु थासे, च्वना: जक समस्यायात हटेयाय्गु मस्वसे थ्व दु:ख हानं मवय्क्यगु हे कुत:याय्मा: । यदि झीसं बुद्धया शिक्षा नीति जक पालन यात धा:सा थ्व दु:ख वइ हे मखु । प्रत्येक मनूतय् थ:थ:गु स्वभाव बिचा:, इच्छा, आकांक्षा व्यवहार फरक फरक ज्वी । अथेसां बुद्धं बिया बिज्या:गु शिक्षायात झीगु जीवने छ्यला यंकल धा:सा थ्व दु:खं मुक्त ज्वी ।

बुद्धया शिक्षा थुकथं ख:–

(१) सुनानं सुयात बाधा (disturb) अडचन मयाय्गु, मवीगु ।

(२) थवंथवे (परस्परे) मैत्री भाव तया व्यवहार याय्गु ।

(३) थकालीपिनिगु आदर, गौरव याय्गु, थ:स्वया: थकाली धाय्बले जन्मं थकाली जक मखु थ:स्वया: ज्ञानं थकालिम्ह मनूयात जन्मं कोकाली सां थकाली भा:पीगु ।

(४) थथ:गु कर्त्तव्य पालन याय्गु ।

(५) नियम पालन याय्गु ।

(६) त्याग चित्त दय्क्यगु ।

झीसं थ्व खुगू बुद्धया शिक्षायात पालनयात धा:सा मयोपिं मनूत हे दैमुख । अले मयोपिंनाप ह्वनाच्ववेमा:गु दु:ख नं दैमखुत । अले झीगु समाजय् बढेजुयाच्वंगु छ्यैँया ल्वापुत कम याय्त नं यक्को तिब: ज्वी । ■

# "प्रज्ञा मदुगु श्रद्धा"

*- त्रिरत्न गमन, गा:बहा: यल,*

**प्रज्ञा मदुगु श्रद्धा:** स्वयूबले निग: निग: आखथें च्वंसा तबि थ्व निगू शब्द नं अतिकं महत्वपूर्णगु शब्द ख: अथवा गुण ख: । थ्वहे मनूतयूगु अध्यात्मिक धन नं ख: "सात रत्न धन" धका धैगु न्हेगु धन मध्ये दकले महत्त्वपूर्णगु प्रज्ञाधन ख:सा मेगु श्रद्धा धन ख: । बाकिं न्यागू धन थथे ख: शील धन, लज्जा धन, भय धन, श्रुत धन, त्याग धन । खास, थन न्ह्यथने त्येनागु प्रज्ञा धनया बारे ख: ।

झिपिं मनू धका म्हसिका बीफुगु हे प्रज्ञाया हुनिं (कारण) याना ख: । छायूधासा, प्रज्ञा मन्तकि चेतना दैमखु, चेतना मन्तकि निपां चूम्ह पशु धका धायूका च्वनेमाली । सुं मनुखं अमानवताया ब्यवहार याईबले वैत: मनू धाय् लायक मजूम्ह धका ब्वो वीगु शब्दं हे झीसं सिकेफु । थ्व जुल प्रज्ञा दहेमदूपिनिगु छत्वाचा खँ । आ प्रज्ञा म्हो पिनिगु खँ नं न्ह्यथने झीसं विहारे वना बाखं न्यनेबले जातक बाखँ जूसा जक न्हायपंबिया ध्यानतया न्यनाच्वनी तर सिइकेमा:गु थुइकेमा:गु ज्ञानया खँ कनकि कित खँल्हाना च्वनी, कित न्ह्यलंब्वाना च्वनी । अले बाखँ सिधयूका हथाय् मथाय् चाया घ्वात्तु घ्वाना ध्यबा दान ब्यूवनी । पलख पीगु धैर्य दैमखु, अझ गुलिसिनं भन्तेया ज:पाखे दना ख:पाखे च्वंम्ह श्रामणेर यात दान बिया च्वनी । शायद थजा:गु कारणं हे खै श्रद्धेय अश्वघोष भन्ते नं बरोबर न्ववाना बिज्याईगु "मनू तयूके श्रद्धा बिलि-बिलि जा: तर प्रज्ञा मगा:" । अथेहे सडके फ्वं वइपिं मनूत खनकि श्रद्धा वना छतका दाँ बीमास्तेव:सां तापाकं निसें वाँछूवया बीगु स्वभाव आ:तक दनी । थ्व नं प्रज्ञा मगा:गु श्रद्धा ख: ।

झी नेवा: तयूग भ्वजे भ्वय् नयेन्ह्य: ब्वंया चुलंचू बजि, घासा इत्यादि तया, द्य:छायूगु धका ब्वयेगु याई । थ:गु निम्तिं लप्तेतया तर द्य:या निम्तिं बंय् तयेगु धैगु प्रज्ञा मगा:गु श्रद्धा हे मखुला ?

नये पित्याम्हसिनं जक सीकेफै नसाया महत्व, प्याचाम्हसिनं जक सिकेफै ल:या महत्व अथेन्तुं ख्यूं थाय् जक दै ज: (मत) या महत्व । बाज्यापिंसं कनात:कथं सुथन्हाप्पां अर्थात् सुर्द्य लुइन्ह्य: हे ध्यो देवा, सुकुन्दा आदि च्याका पूजापाठ सिधेकेमा: ताकि निभा:जले देग: चैत्यया किच: तक नं मन्हुईमा धैगु उद्यश्यं थथे यानात:गु धैगु न्यनातयागु ख: ।

तर थौं कन्हे ई: ब्यया छुं हे अर्थ मदे धुंकल । गब्ले फुर्सद अब्ले श्रद्धा कथं सुर्द्योया न्ह्योने मतं क्यना पुलांगु उखानयात सार्थक यायूगु मुर्ख ज्या जकं या:गु मखुला ?

त्वा: बाहा: गल्ली, चुक इत्यादि थासे ख्युंइगुईले जिरो वाटया मत छप्वा: जक नं तयेगु मस्यूपिंसं गनं तापाक द्य:पिन्थाय् वना सवा: लाख मत च्याकेगु श्रद्धा दुपिं झीगु समाजे खनांच्वंगु दु । छु थ्व प्रज्ञायुक्तगु श्रद्धा ख:ला ? तर अपशोच जिगु ज:ख: परिवारिपिं नं थजागु ज्यां मुक्त जुइ फयाच्वंगु मदुनि । आशा याय् याकन थुइका काय् फयेमा धका ।

गनं लँय् वनेबले द्योपिं खनकि थ:गु नुग: थिया ल्हा भाग्यायूगु थौं-कन्हे न्हुगु चलन वो:गुथें च्वं । थम्हं सिइकं न्हापा द्योपिंन्त कपालं चुया: भाग्यायगु वा नमस्कार यायूगु चलन जक दुथेंच्वं । शायद आ:यायूम्वा: गुलिं जिं मसियावंगु जक ख: वा मनू तयूके प्रज्ञा मदया वंगुलि ख: अथवा समयया अभावं याना अपुकाह:गुख: । भगवान बुद्धं मनू हे सर्वश्रेष्ठ धया बिज्या:गुलिं जकं थथे छु द्य: स्वयां जि मनू हे त:धं धका थत:थम्हं थिया भाग्यायूगु जकं जुयावोगु ख:ला धैथें च्वं ।

थौं-कन्हें विहारे उपासक उपासिकापिनि जलपानया निम्तिं नां च्वकेगु धेंधें बल्ला जुयावये धुंकल । मेपिंसं न्ह्यव: नां च्वकातये धुंकूसां तबि उगु दिंया निम्तिं थम्हं भाला कायूगु जिद्धियाना च्वनीगु नं प्रज्ञा म्हो जूगु कारणं याना थें च्वं ।

गब्ले तक मनू तयूसं प्रज्ञाया महत्व थुइमखु अब्ले तक झीगु समाजे थजा:गु लकस ब्वलंके फईमखु ।

**"प्रज्ञा नरानं रतनं"**



Downloaded from http://www.dhamma.digital

## "स्वतन्त्र चिन्तन"

२०५८ आश्विन ६ गते, धर्मकीर्ति विहार ।

रिपोर्टर- रामेश्वरी ।

धर्मकीर्ति विहार बौद्ध अध्ययन गोष्ठीद्वारा आयोजना गरिएको प्रत्येक शनिवारको कक्षा संचालनको क्रममा उक्त शनीबार यस गोष्ठीका धम्मानुशासक पूज्य भन्ते अश्वघोष महास्थविरज्यूबाट "स्वतन्त्र चिन्तन" भन्ने विषयमा प्रवचन दिंदै भन्नुभयो– "भगवान बुद्धले इश्वरवाद, पूर्वकर्मवाद र अहेतुकवादलाई खण्डन गर्नुभएको छ ।

एकदिन भगवान बुद्ध कालाम भन्ने ब्राह्मण गाउँमा जाँदाखेरी एक ब्राह्मणले उहाँसँग यसरी प्रश्न सोध्यो– "भो श्रमण गौतम ! हामीकहाँ आउने विभिन्न धर्मका गुरुहरूले आफ्नो मात्र धर्म ठूलो छ भनेर भन्छन्, यो कुरा सत्य हो वा होइन कसरी थाहा पाउने ?" बुद्धले भन्नुभयो– "मैले भनेको भन्दैमा, तर्क अनुकूल छ भन्दैमा, परम्परादेखि चलिआएको भन्दैमा त्यसलाई मनन गर्नैपर्छ भन्ने कुनै करकाप छैन । त्यसलाई आ-आफ्नो स्वतन्त्र दिमागले जाँची बुझी ठीक लागेमा मात्र स्वीकार गर्न उपयुक्त हुनेछ । त्यसैले कसैले भनेको कुरा ठीक हो वा होइन भन्ने कुरा थाहा पाउन यी दशवटा कुरालाई हामीले राम्रोसँग बुझिराख्नु पर्दछ ।

(१) **मा अनुस्सवेन** : गुरुले भन्नुभएको भन्दैमा सबैकुरालाई विश्वास गर्नैपर्छ भन्ने छैन ।

(२) **मा परम्पराय** : परम्परादेखि चलिआएको भन्दैमा अनुभव नगरी विश्वास नगर्नु ।

(३) **मा इतिकिशय** : अनुभव नगरेसम्म कुनै पनि कुरालाई हल्लाको भरमा नपत्याउनु ।

(४) **मा पिटक सम्पर्दानन** : पुस्तकमा उल्लेख भएको छ भन्दैमा त्यसलाई विश्वास नगर्नु ।

(५) **मा तक्क हेतु** : तर्क अनुकूल छ भन्दैमा स्वीकार नगर्नु ।

(६) **मा नयहेतु** : हेर्दाखेरी न्याय पूर्वक छ भन्दैमा त्यसलाई विश्वास नगर्नु ।

(७) **मा आकार परिवितक्केन** : विशाल र प्रख्यात छ भन्दैमा त्यसलाई विश्वास नगुर्न ।

(८) **मा दिट्ठि निज्झाखनखन्तिया** : आफ्नो विचारसँग मिल्छ भन्दैमा विश्वास नगर्नु ।

(९) **मा भब्बरूपताय** : योग्यता भएको र राम्रो मान्छेले भनेको कुरा हुँदैमा विश्वास नगर्नु ।

(१०) **मा समजो नो गरुति** : भिक्षु, श्रमण, हाम्रो गुरु हो, गुरुको मान राख्नुपर्छ भन्दैमा विश्वास नगर्नु ।

यसरी हामीले कुनै पनि कुरालाई एकैचोटी विश्वास नगरीकन जसरी सुनारले सक्कली सुन हो वा होइन भनेर थाहापाउन बाहिरबाट मात्रै नहेरी सुननै पगालेर हेर्छ, त्यसैगरी हामीले पनि कुनै पनि कुरा सत्य हो वा होइन भनेर बुझ्नको लागि आफ्नो स्वतन्त्र दिमागले चिन्तन मनन गरेर ठीक भएमा मात्र विश्वास गर्नुपर्दछ ।

उक्त दिन नीता केशरी श्रेष्ठबाट कक्षा संचालन गर्नुभएको थियो ।

## पुरस्कार वितरण

२०५८ आश्विन ६ गते, शनिवार ।

बु.सं. २५४४ (वि.सं. २०५७) को बौद्ध परियत्ति परिक्षामा परीक्षा केन्द्र धर्मकीर्ति विहारबाट उत्तिर्ण हुन सफल भएका विद्यार्थीहरूलाई धर्मकीर्ति विहारको तर्फबाट पुरस्कार प्रदान गरिएको छ ।

धर्मकीर्ति विहार परीक्षा केन्द्रबाट बौद्ध परियत्ति परीक्षामा उत्तीर्ण हुन सफल भएका विद्यार्थीहरू यसरी रहेका छन् ।

प्रवेश तृतीय– प्रथम श्रेणी-मिनरवती तुलाधर, द्वितीय श्रेणी-करूणावती ।

प्रवेश द्वितीय– प्रथम श्रेणी-श्यामलाल चित्रकार, उष्णितारा तुलाधर ।

द्वितीय श्रेणी-सावित्री चित्रकार, सुभवती, सुचिवती ।

प्रवेश प्रथम– प्रथम श्रेणी-शील गौतमी, वीर्य गौतमी, श्रद्धा गौतमी, रामेश्वरी महर्जन ।

द्वितीय श्रेणी-राजकुमार डंगोल, सुभद्रा चित्रकार ।

प्रारम्भिक तृतीय– प्रथम श्रेणी-सुशीलवती, ध्यानवती ।

द्वितीय श्रेणी-चिनीकाजी महर्जन, कमलबहादुर चित्रकार, सत्यवती, पुण्यश्वरी डंगोल ।

तृतीय श्रेणी-श्यामकृष्ण डंगोल, हीराकाजी डंगोल ।

प्रारम्भिक द्वितीय– प्रथम श्रेणी-वीर्य पारमी, सुचिता ।

प्रारम्भिक प्रथम– बोर्ड तृतीय-दिपिका ताम्राकार ।

प्रथम श्रेणी- कान्छीमाया मकै, मनदेवी डंगोल, पार्वती बुढाथोकी, श्रृजना थापामगर, सुनीता थापा, रामकेशरी धजु, दुर्गा मेजु, विष्णु देवी बाडे, ज्ञानशोभा डंगोल, संगीता डंगोल, प्रबिना बाडे, रोशनी डंगोल, प्रज्वल सायमी, सुनीता महर्जन, भवानी मेजु, सर्मीला महर्जन, रिमा महर्जन, रामप्यारी सिं, सुनीता प्रजापती, लुइस महर्जन, उर्मिला कोजु, सम्यक महर्जन, नविना

महर्जन, कृष्मा कालु, लक्ष्मी डंगोल, सुमित्रा धौबञ्जा, सावित्री महर्जन आदि ।

द्वितीय श्रेणी- लक्ष्मी लामा, मोनिका तको, सबिना महर्जन, रन्जु डंगोल, सुनिता बाडे, सुगत ताम्राकार, बिनोद परियार, मनकुमारी डंगोल, शान्ति तामाङ्ग, लक्ष्मी महर्जन, शोभा तको, श्रीनीति तुलाधर, रबिता बके, अन्जु डंगोल आदि ।

तृतीय श्रेणी- सबिना नेपाली, सपना परियार, रोजि हेजु, सानुमाया लामा, राजु मेजु, सोनाली ताम्राकार, पद्मा खड्गी, ग्रिस महर्जन, रन्जु गिरी, रबिना सिंकेमन, सबिता मेजु, निरू प्रजापति, अनुवा बज्राचार्य आदि ।

## कर्म र कर्म फल

२०५८ भाद्र २३ गते । यस दिन इन्दावती गुरुमाँले "कर्म र कर्मफल विषयमा प्रवचन दिँदै भन्नुभयो– बुद्धले भन्नुभएको छ, "**सुभासिता च या वाचा एतं मंगल मुत्तमं ।**" अर्थात् राम्रो मीठो वचन बोल्नु मङ्गल हो ।

मङ्गल – मङ्ग + ल

मङ्ग – पाप, ल – हटाउने ।

त्यसैले पाप कर्मलाई हटाउने कुशल कर्मलाई नै मङ्गल भनिन्छ ।

मङ्गल कार्यगर्दा प्राप्त हुने फल यसरी छन्–

(१) आफ्नो हीत सुख बृद्धि हुन्छ ।

(२) जनावरहरूलाई मैत्री भावना राखी राम्रो व्यवहार गर्दा तिनीहरूले पनि हामीलाई राम्रो नै व्यवहार गर्छन् ।

(३) अरूले नराम्रो बोल्यो भनेर आफूले पनि नराम्रो नै बोल्यो भने त्यसको फल पनि नराम्रो नै हुनेछ ।

सुभासिता वचन ४ प्रकारका छन्–

(१) सुभासिता वाचा – राम्रो कुरा बोल्नु ।

(२) पिय वाचा – प्रिय वचन बोल्नु ।

(३) धम्म वाचा – धर्म सम्बन्धि कुरा गर्नु ।

(४) सच्च वाचा – सत्य वचन बोल्नु ।

वचनले गर्ने ४ प्रकारका पाप कर्महरू–

(१) मुसावाद – झूठो कुरा गर्नु ।

(२) पिसुण वाचा – चुकली कुरा गर्नु ।

(३) फरूस वाचा – कडा वचन बोल्नु ।

(४) सम्फप्पलाप वाचा – काम नलाग्ने वकबास गर्नु ।

## बुद्ध र ब्राह्मण

२०५८ भाद्र ३० गते । रिपोर्टर- अमृत शोभा ।

यसदिन सोभियतरत्न तुलाधरले "बुद्ध र ब्राह्मण" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो– भगवान बुद्धले धर्मप्रचार कार्यको सिलसिलामा चारिका गर्नुहुँदै एकदिन कोशल राज्यको चुन नाम गरेको गाउँमा जानुभयो । तर त्यस गाउँमा रहेका ब्राह्मणहरू अन्धविश्वासी भएकाले उनीहरूले आफ्नो परम्परा देखि चलिआएको धर्म नाश होला भनी डराएका थिए । भगवान् बुद्धको उपदेश सुनी भिक्षु भएर जानु पर्ला भनी तिनीहरू कसैले पनि बुद्धलाई भोजन दान नदिने आदर-सत्कार नगर्ने र कोही पनि घरबाट ननिस्कने निर्णय गरे । तैपनि पानी बोकेर आएकी एकजना दासीले रूखमुनी बस्नु भएको बुद्धलाई पानी खुवाइन् । यही कारणले उक्त दासीलाई मानिसहरूले पिटेर मारिदिए । ती गाउँलेहरूको मन परिवर्तन गर्न सकिएन । यसरी बुद्धको विचारधारा जनसमक्ष ल्याउन कति गाऱ्हो भयो ।

एकदिन भगवान् बुद्ध भिक्षाटन जानुहुँदा भारद्वाज ब्राह्मण ५०० वटा हलो जोतिरहेको ठाउँमा पुग्नुभयो । अनि भारद्वाजले भन्यो– "श्रमण गौतम ! मैले खेत जोती केही फलाएर खाए जस्तै श्रमण गौतमले पनि काम गरेर खाने गर्नुपर्छ ।" यो कुरा सुनी बुद्धले भन्नुभयो– "म पनि एक कृषक हुँ । तर म धान फलाउने कृषक नभई अमृत फलाउने कृषक परें । तिमीले पनि अमृत फलाउन सके शान्ति मार्ग प्राप्त गर्न सक्ने थियौ ।" यो कुरा सुनी ब्राह्मणको मन परिवर्तन भयो । अनि उसले आफूलाई भनी ल्याइराखेको क्षीर भोजन दान गरे । तर बुद्धले यो दान स्वीकार गर्नुभएन । उहाँले भन्नुभयो– "धर्मदेशनाको कारोवार गरेर खान हुँदैन । दानको कारोवार गर्न हुन्न ।" यो कुरो सुनी ब्राह्मण प्रभावित भए । फलस्वरूप भारद्वाज ब्राह्मण भिक्षु बने ।

## बाल चित्रकला प्रतियोगिता

२०५८ आश्विन २७ गते । स्थान- प्रभात माध्यामिक विद्यालय । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा आयोजित 'बाल चित्रकला प्रतियोगिता-२०५८' मा ७-१० वर्षका ३६ जना बाल बालिका बीच र ११-१५ वर्षका २३ जना बाल बालिका बिच गरी जम्मा ५९ जनाले भाग लिएको मध्ये दुईवटै समूहलाई एउटै पाठ्यक्रम 'बिषको बिरूवामा पानी दिनु हुँदैन' र 'एउटा रूख अमिलो हुँदैमा बनै अमिलो हुँदैन' भन्ने दुई कथा दिई सोही कथाको आधारमा दुई बेग्ला-बेग्लै समूहहरू बिच प्रतियोगिता सम्पन्न भयो ।

यस गोष्ठीका संस्थापक एवंम् अध्यक्ष धम्मवती गुरुमाँको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा सदस्य श्रीमती सुमनकमल तुलाधरले स्वागत भाषण गर्नुभयो भने सचिव श्री इन्द्रकुमार नकर्मीले यस गोष्ठी र बाल चित्रकला प्रतियोगिताको बारे प्रकाश पार्नुभयो । निर्णायक मण्डलमा श्री स्वयम्भूरत्न बज्राचार्य, सुश्री इरिना ताम्राकार, श्री सुनिल श्रेष्ठ र श्री प्रसन्न-काजी ताम्राकारहरूबाट परिणाम घोषणा गर्ने क्रममा श्री स्वयम्भूरत्न बज्राचार्यले ७-१० वर्षका समूहहरू



Downloaded from http://www.dhamma.digital

मध्येमा श्री पिचु सायमी-१० प्रथम, श्री समित महर्जन-८ द्वितीय, सुश्री अप्सना कारंजित-१० तृतीय र सुश्री प्रिया श्रेष्ठ-७ सान्त्वना र ११-१५ वर्षका समूहहरू श्री किरण महर्जन-१५ प्रथम, सुश्री सस्मिता तुलाधर-११ द्वितीय, सुश्री अन्जली शाक्य-१३ तृतीय र श्री सुगत ताम्राकार-१४ सान्त्वना भएको घोषणा गर्नुभयो ।


यसैक्रममा प्रमुख अतिथी श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने बाल बालिकाहरूलाई शिल्ड एवंम् पुरस्कार प्रदान गर्नुभयो । साथै सहभागी सबै बाल बालिकाहरूलाई यस गोष्ठीका अध्यक्ष धम्मवती गुरुमाँले प्रमाण-पत्र प्रदान गर्नुभयो ।

श्री द्रव्यमान सिं (भाइराजा) तुलाधर र श्रीमती बसुन्धरा तुलाधरले प्रथम र द्वितीय हुनेलाई 'गिफ्ट भौचर' र तेस्रो हुनेलाई नगद पुरस्कारको साथै अन्य सहभागी सबैलाई आकर्षक पुरस्कारको प्रायोजन गर्नुभयो । उक्त प्रतियोगितामा द्वितीय हुनेलाई शिल्ड एवंम् पुरस्कारको प्रायोजन श्री रवि तुलाधर र सान्त्वना पुरस्कारको प्रायोजन श्री रसवन्ती कंसाकारले गर्नुभएको थियो । श्रीमती प्रफुल्लकमल ताम्राकारले पनि सहभागीहरू सबैलाई उपहारको प्रायोजन गर्नुभएको थियो भने जलपानको व्यवस्था पुलाँ पुच: भोजन ग्रुपबाट गरिएको थियो ।

उक्त कार्यक्रममा प्रमुख अतिथी श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले 'बाल बालिकाहरू कुमालेको नरम माटो जस्तै भएकोले उनीहरूलाई समयमा नै राम्रो आकारमा ढाल्नको लागि नैतिक शिक्षाको आवश्यकता रहेको उल्लेख गर्नुभयो ।' यसरी नै धम्मवती गुरुमाँले 'आफूलाई राम्रो मार्गमा डोऱ्याउने आमा-बुबा र गुरुहरूलाई आदर गर्नु प्रत्येक बाल-बालिकाहरू एवंम् विद्यार्थीहरूको कर्तव्य रहेको कुरा उल्लेख गर्नुभयो । यसैक्रममा 'बाल चित्रकला प्रतियोगिता-२०५८' को संयोजक श्रीमती प्रफुल्लकमल ताम्राकारले धन्यवाद ज्ञापन गर्नुभयो ।

अन्तमा, यस गोष्ठीले आयोजना गरिएको बाल चित्रकला प्रतियोगितामा आफ्नो अमूल्य समय र मूल्याङ्कन जस्तो गहन कार्यमा निश्पक्ष रूपमा मूल्याङ्कन गर्नुहुने निर्णायक मण्डलका सदस्यहरू र यस धर्मकीर्ति विहारको आफ्नो भवन निर्माण कार्य भईरहेकोले आफ्नो कक्षा कोठा, सभा कक्ष प्रयोग गर्न दिनुभई हाम्रो कार्यक्रमलाई सफल पार्न सहयोग गर्नुहुने श्री प्रभात माध्यमिक विद्यालय परिवारलाई यस धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको तर्फबाट कृतज्ञता तथा धन्यवाद ज्ञापन गरेको छ । उक्त कार्यक्रम यस गोष्ठीका कोषाध्यक्ष सुश्री मिनशोभा शाक्यले सञ्चालन गर्नुभएको थियो ।

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



**नां : उत्तम काजी शाक्य**

*दिवंगत मिति :*

वि.सं. २०५८ आश्विन १० गते शुक्ल पक्ष दशमी बुधबार

**जिमि काय् उत्तम काजी शाक्य आकाङ्गाकां दिवंगत जूगुलिं मदुम्ह काय् सुखावती भूवने ला:वनेमा धयागु कामना याना "धर्मकीर्ति" पत्रिकाया लागि रु. १०४५/- चन्दा स्वरूप प्रदान यानाच्वना ।**

**बाबुकाजी शाक्य**
**सुमनादेवी शाक्य**
**सपरिवार**
बुटवल बजार, वार्ड नं. ४

# आफैंमा खोजौं बुद्ध

**सरोज उदास, पोखरा-३**

नखोजौं पूर्व पश्चिम दिशा ।
नखोजौं उत्तर दक्षिण ॥
बनाउँ आफ्नै चित्तलाई शुद्ध ।
खोज गरौं आफैंमा बुद्ध ॥

नखोजौं यता नखोजौं उता ।
नखोजौं जता तता ॥
बनाउँ आफ्नै चित्तलाई शुद्ध ।
खोज गरौं आफैंमा बुद्ध ॥

नखोजौं चैत्यमा नखोजौं गुम्बा ।
नखोजौं मठ र मन्दिर ॥
बनाऊ आफ्नै चित्तलाई शुद्ध ।
खोज गरौं आफैंमा बुद्ध ॥

नखोजौं जपमा नखोजौं तपमा ।
नखोजौं तीर्थ ब्रतमा ॥
बनाऊ आफ्नै चित्तलाई शुद्ध ।
खोज गरौं आफैंमा बुद्ध ॥

नखोजौं पूजामा नखोजौं पाठमा ।
नखोजौं भजन प्रार्थना ॥
बनाउँ आफ्नै चित्तलाई शुद्ध ।
खोज गरौं आफैंमा बुद्ध ॥

नखोजौं शिक्षामा नखोजौं दिक्षामा ।
नखोजौं अर्ति उपदेशमा ॥
बनाउँ आफ्नै चित्तलाई शुद्ध ।
खोज गरौं आफैंमा बुद्ध ॥

# 'बुद्धमा पुकार'

**अर्चना बास्तोला**
*प्र.प. तह प्रथम वर्ष*
*नर्सिङ्ग क्याम्पस, महाराजगञ्ज*

हाहाकार मच्चियो सबतिर
त्राही-त्राही छ यो दुनियाँ
बम र बारूदको धुवाँमा
रंगमंगिएको सब जग यहाँ ॥

समरको भिषण अग्निले
जलाई लग्यो मानवता
रूवाई र क्रन्दन
फैलिएको छ जतातते ॥

हिंसा र हत्या मौलाईरहेछ
दूर भइरहेछ मातृत्व
श्मशान बिच बसी
विह्वल भई रोइरहेछ मातृत्व ॥

एक अर्काका प्राणका प्यासी
छन् सबै यहाँ तृष्णाका दाशी
स्वार्थै स्वार्थ छ हर दिशामा
चित्कार गुँजीरहन्छ हर उषा अनि निशामा ॥


कसले हो छेक्ने, कसले हो रोक्ने
यो रक्त होलीलाई
कसले पो देला ज्ञान र बुद्धी
यो मूढ प्राणीलाई ॥

पूकार कसलाई गरुं म भन
आऊ बुद्ध तिमी नै अब
फेरि यस धरतीमा चमत्कार तिम्रो देखाऊ
हिंसामा रूमल्लिएको मानव साम्राज्यलाई
हे शान्ति दूत तिमी बचाऊ !



Downloaded from http://www.dhamma.digital

### शान्तिपदयात्रा



मित्रराष्ट्र जापानको बौद्ध संस्था निप्पोनजान म्योहोजिको तर्फबाट निर्मित विश्व शान्तिस्तुप उद्‌घाटन कार्यक्रमको लागि विदेशी र नेपाली यात्रीहरूको एक समूहले काठमाडौं देखि लुम्बिनीसम्म पैदल यात्रा गरिने कार्यक्रम रहेको छ। उक्त पैदलयात्रा शुरू गर्नु अगाडि २०५८ आश्विन २४ गते विहान ८ बजे काठमाडौं–लुम्बिनी पैदल यात्री समूह लगायत विभिन्न बाजागाजा सहित विभिन्न संघ संस्थाहरूले काठमाडौं महानगर पालिकामा शान्तिपदयात्रा शुरू गरेका छन्। उक्त शान्तिपदयात्रा यसरी शुरू गरिएको थियो–

वसन्तपुर–प्याफल–न्यत–टेंगल–बांगेमुढा–असन–केलटोल–इन्द्रचोक–नयाँसडक–बसन्तपुर–मरू टोल–चिकंमुगल–न्हूघ:–लगन–ब्रह्मटोल–ह्यूमत–क्वहिटी–भिमसेन टोल।

### पुस्तक विमोचन

२०५८ आश्विन २० गते। प्रज्ञा भवन, कमलादी।

बौद्ध विद्वान आर.वी. वन्द्यद्वारा लिखित "आधुनिक विज्ञानको दृष्टिमा बुद्धधर्म" पुस्तक सभामुख तारानाथ रानाभाटले विमोचन गर्नुभएको समाचार प्राप्त भएको छ। सभामुख रानाभाटले कार्यक्रम उद्‌घाटन गर्नुहुँदा भिक्षुसंघले मंगल वाचन गर्नुभएको थियो।

उक्त कार्यक्रममा आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै सभामुखले सुख आनन्द र मोजमज्जाको चाहना गर्नुनै स्वार्थी हुनु हो, यसलाई राजनीति र विज्ञानले सुधार्न सकेको छैन। यसलाई बुद्ध दर्शनले मात्र सुधार्न सक्नेछ भन्नुभयो।

आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै पुस्तकका लेखक वन्द्यले विज्ञान र बुद्ध धर्मलाई तुलनात्मक अध्ययन गर्ने हो भने यी दुवैमा धेरै समानता देखिन्छ, दुवैमा अन्धविश्वासलाई स्थान छैन र आफैंले अनुभव गरी नहेरेसम्म कुनै पनि विषयलाई ग्रहण गर्न नहुने कुरालाई मान्यता दिएको छ भन्नुभयो।

यसरी नै भिक्षु ज्ञानपूर्णिक महास्थविरले विज्ञान र प्रविधिको दिनानुदिन भइरहेको भौतिक विकास र सुख ऐशलाई रोक्न सकिएन भने यसले हाम्रो जीवनको दिशा कहाँ पुऱ्याउने हो यस विषयमा हामीले बुझ्नु परेको छ भन्नुभयो।

उक्त समारोहमा थाइल्याण्डका राजदूत श्री पाउथेप वाणचिण्डाले पठाउनुभएको सन्देशलाई डा. लक्ष्मण शाक्यले पढेर सुनाउनु भएको थियो। उक्त सभामा बर्माका नवनियुक्त राजदूतको पनि उपस्थिति रहेको थियो।

पुस्तकका प्रकाशक ज्ञानज्योति कंशाकारले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा सांसदहरू तीर्थराम डंगोल, लक्ष्मीदास मानन्धर र डा. रूपज्योति कंशाकारले शुभकामना व्यक्त गर्नुभएका थिए।

अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु बुद्धघोष महास्थविरको सभापतित्वमा संचालित उक्त कार्यक्रममा मदनरत्न मानन्धरले धन्यवाद ज्ञापन गर्नुभएको थियो। उक्त कार्यक्रममा ललितपुर उपमहानगर पालिकाका मेयर बुद्धिराज बज्राचार्यको पनि उपस्थिति थियो।

### दुईवटा पुस्तकहरू विमोचन

२०५८ आश्विन २७ गते। स्थान- ध्यानकुटी विहार, बनेपा।

कार्यक्रम संचालक- रत्नबहादुर राजकर्णिकार।

पुष्परत्न तुलाधरको सभापतित्वमा संचालित एक समारोहमा भिक्षु अश्वघोष महास्थविरद्वारा लिखित "धर्म र हृदय" र धम्मवती गुरुमाँद्वारा लिखित "बुद्धया मूल उपदेश" दुईवटा पुस्तकहरू श्री ज्ञानज्योति कशा र बनेपा नगरपालिकाका मेयर सुरेन्द्र वादेबाट विमोचन भएको समाचार छ ।

यसपछि श्री फणिन्द्ररत्न बज्राचार्य, श्याममान बज्राचार्य र शंकरराज सिंह आदिले ३ वटा दीप प्रज्ज्वलन गरी समारोह उद्घाटन गर्नुभयो ।

सिद्धिरत्न शाक्यले स्वागत भाषण गर्नुभएको उक्त समारोहमा देशरत्न शाक्यले आयव्यय प्रस्तुत गर्नुभयो ।

उक्त समारोहमा आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै भिक्षु अश्वघोष महास्थविरले भन्नुभयो– "धर्मपासा पुच:को गतिशील धर्मप्रचार कार्य सन्हानीय छ । धर्मप्रचार गर्ने व्यक्तिहरूको दृष्टि पनि ठीक हुनुपर्छ । नयाँ सिसीमा पुरानो रक्सी जस्तो नभए राम्रो हुनेछ ।"

यसरी नै धम्मवती गुरुमाँले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै भन्नुभयो– "बौद्ध परियत्ति शुरू भएकोले धेरै मात्रामा धर्मप्रचार भएको छ । लुम्बिनीमा पनि मुशलमानहरूले बौद्ध परियत्ति अध्ययनमा रूची देखाएको छ । बुद्ध शिक्षा बुझ्नको लागि अभिधर्मको ज्ञान आवश्यक छ । अभिधर्म विषयमा अध्ययन गर्न इच्छुक व्यक्तिहरूलाई हप्तामा १ घण्टा पढाउनेछु ।

उक्त कार्यक्रममा श्री वसन्तबहादुर शाक्यले बौद्ध परियत्ति शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको लागि भनी टोखाका प्रक्तमान महर्जनलाई परियक्ति पुस्तकहरू हस्तान्तरण गर्नुभएको थियो । यसरी नै दीर्घमान श्रेष्ठले पनि खोनाका श्यामकृष्ण महर्जनलाई बौद्ध परियत्तिका पुस्तकहरू हस्तान्तरण गर्नुभएको थियो ।

प्रकाश तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको उक्त समारोहमा उपस्थित हुनुभएका थुप्रै गण्यमान्य व्यक्तिहरू सहित अन्य सबै सहभागीहरूलाई धर्मपासा पुच:को तर्फबाट जलपान र भोजनको व्यवस्था गरिएको थियो ।

## बोधिचर्यावतार देशना

२०५८ आश्विन १ गते । स्थान- पाटन हिरण्यवर्ण महाविहार ।

बौद्ध विद्वान श्री पूण्यप्रसाद पराजुली एम.ए.ले आचार्य शान्तिदेवबाट सातौं शताब्दीमा व्याख्या गरिएको बोधिचर्यावतार विषयमा देशना गर्नुहुँदै बोधिचित्त उत्पत्ति गर्नुभनेको नै अरूको हित गर्ने भावना जगाउनु हो भन्नुभयो ।

श्री यज्ञरत्न धाख्वा:ले म र मेरो भन्ने भावनामा आशक्त भैरहेकोले अशान्त कलह र हत्याको वातावरण छाइरहेको छ, यस्तो भावना हटाउनको लागि आफ्नो गलतीलाई महशूस गरी चर्चा गर्नुपर्छ भन्नुभयो ।

उक्त बौद्ध सभामा श्री शुक्रराज शाक्यले उद्घाटन गर्नुभएको थियो भने श्री लोकबहादुर शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## शोक सभा

२०५८ आश्विन १२ गते । स्थान- पद्मचैत्य विहार, बुटवल ।

धर्मोदय सभा बुटवल शाखाका सक्रिय सदस्य एवं पूर्व सचिव श्री उत्तमकाजी शाक्यको असामयिक निधन भएकोले बुटवल शाखाका सदस्यहरूले शोक सभा आयोजना गरिएको समाचार छ । बुटवल शाखाका अध्यक्ष श्री प्रेमलाल उदासको अध्यक्षतामा सम्पन्न भएको उक्त शोक सभामा भिक्षु असिम खम्बाले शील प्रार्थना गराउनु भएको थियो ।

पद्मचैत्य विहार बुटवल संचालक समिति धर्मोदय सभा बुटवल शाखा, बौद्ध युवा ज्ञानमाला संघ र बौद्ध महिला संघ तथा द रेयुकाई नेपाल बुटवल शाखा सहित सहभागी भएको उक्त सभामा अध्यक्ष श्री प्रेमलाल उदास, धर्मोदय सभा केन्द्रिय सल्लाहकार, बौद्ध युवा ज्ञानमाला संघ, बुटवलका अध्यक्ष तथा बु.न.पा.का. उप-मेयर श्री विमलबहादुर शाक्य, धर्मोदय सभा बुटवल शाखाका संस्थापक अध्यक्ष श्री देवेन्द्र शाक्य, निवर्तमान अध्यक्ष श्री आनन्दमान सिंह शाक्य र रेयुकाई नेपाल बुटवल शाखाका अध्यक्ष श्री वसन्त श्रेष्ठ आदिले स्वर्गीय शाक्यको योगदान बारे चर्चा गर्दै समवेदना प्रकट गर्नुभएको थियो ।

यसरी नै उपस्थित सम्पूर्ण सदस्यहरूले स्वर्गीय शाक्यको पुण्य स्मृतिमा २ मिनेट मौन धारण गरिएको थियो । उक्त कार्यक्रम सचिव श्री पूर्णकाजी शाक्यले संचालन गर्नुभएको थियो ।

**२०५८ आश्विन ५ गते ।**

स्थान- कालोपुल, सिफल ।

भोजपुर निवासी हेमबहादुर र दिलबहादुर शाक्यको दिदी स्व. सुश्री मायादेवी शाक्यको पुण्य



Downloaded from http://www.dhamma.digital

स्मृतिमा शोक सभा कार्यक्रम संचालन गरिएको समाचार छ । उक्त कार्यक्रममा भिक्षु तपस्सी धम्मले पञ्चशील प्रार्थना गराउनुभई धर्म देशना गर्नुभएको थियो भने ७ दिनसम्म परित्राण पाठ गरी स्व. मायादेवी शाक्यको पुण्य स्मृतिमा शान्ति कामना गरिएको थियो ।

दिवंगत शाक्यको पुण्य स्मृतिमा भोजपुर बौद्ध शाक्य समाजको अक्षय कोषको लागि रु. पाँचहजार चन्दा प्रदान गरिएको थियो भने उक्त अवसरमा चारूमति बुद्ध विहार निर्माणको लागि भिक्षु तपस्सी धम्मलाई रु. एकहजार पाँच चन्दा प्रदान गरिएको थियो ।

उक्त कार्यक्रममा श्री चन्द्रज्योति शाक्यले सम्पूर्ण शोक सन्तप्त परिवार प्रति समवेदना व्यक्त गर्नुभयो भने भन्तेले पुण्यानुमोदन गर्नुभयो ।

तिलगंगा आँखा अस्पताललाई उक्त अवसरमा नेत्रदान पनि गरिएको समाचार छ ।

## विश्व मैत्री विहारमा बौद्ध सभा

ञंलागा:, औंसी । स्थान- विश्व मैत्री विहार, ललितपुर ।

दिवंगत भिक्षु कालुदायीले प्रत्येक संक्रान्तिको दिन संचालन गराउनुभएको कार्यक्रमको सिलसिलामा बुद्धपूजा पश्चात् बौद्ध विद्वान शान्तमान शाक्य, दिलशोभा शाक्य र बेखालाल महर्जन आदि वक्ताहरूले आ-आफ्ना मन्तव्य गर्नुभएको थियो ।

पवित्रबहादुर बज्राचार्यले स्वागत भाषाण गर्नुभएको उक्त सभामा, प्रेमबहादुर बज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने लोकबहादुर शाक्यले उद्घोषण गर्नुभएको थियो ।

## खेमानन्दी गुरुमाँ देहावसान हुनुभयो

स्वयम्भू स्थित निर्वाण मूर्ति किण्डोल विहारमा रहनु भएकी खेमानन्दी गुरुमाँको २०५८ आश्विन २१ गते आइतवारका दिन देहावसान भएको समाचार छ ।

वि.सं. १९७८ भाद्र महिनामा जन्मनु भएकी खेमानन्दी गुरुमाँले २७ वर्ष अगाडि गृहस्थ जीवन त्याग गरी प्रव्रजित जीवन बिताउनु भएको थियो ।

स्वर्गीय खेमानन्दी गुरुमाँको दाहसंस्कार कार्यक्रममा भिक्षु कुमार काश्यप महास्थविरले पञ्चशील प्रार्थना गराउनुभई संसारको अनित्य स्वभावबारे धर्मदेशना गर्नुभएको थियो । यसरी नै भिक्षु कुमार काश्यप र भिक्षु शोभित लगायत उक्त कार्यक्रममा उपस्थित हुनुभएका रत्नमञ्जरी गुरुमाँ, धम्मवती गुरुमाँ, माधवी गुरुमाँ लगायत अन्य थुप्रै गुरुमाँहरूले खेमानन्दी गुरुमाँको पुण्य स्मृतिमा परित्राण पाठ गर्नुभएको थियो । परित्राण पाठपछि दिवंगत गुरुमाँको पुण्य स्मृतिमा दान प्रदान र पुण्यानुमोदन पनि गरिएको थियो ।

## काभ्रे बहिरा विकास संघ
## काभ्रे बहिरा विद्यालय भवन सिलान्यास

२०५८ आश्विन १८ गते । स्थान- बनेपा काभ्रे ।

श्रद्धेय भिक्षु अश्वघोष महास्थविरद्वारा मंगल सूत्र पाठ गर्नुभई काभ्रे बहिरा विद्यालय भवन सिलान्यास गर्नुभएको समाचार प्राप्त भएको छ । भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा संघका उपाध्यक्ष श्री बुद्धरत्न मानन्धरले स्वागत मन्तव्य र कार्यक्रमको जानकारी दिनुभएको थियो ।

संघका सल्लाहकार मोहन दुलाल र काभ्रे क्याम्पसका प्रमुख श्री आशाकाजी सेवकबाट शुभकामना मन्तव्य व्यक्त गर्नुका साथै आर्थिक सहयोग समेत प्रदान गर्नुभएको उक्त कार्यक्रममा मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो– नेपाल राष्ट्रिय बहिरा तथा सुस्त श्रवण महासंघका अध्यक्ष श्री राघवीर जोशी, काठमाडौं बहिरा संघका अध्यक्ष श्री प्रतिज्ञा शाक्य, विश्व बचावट संस्थाका अध्यक्ष श्री विश्वश्रेष्ठ आदि ।

बनेपा न.पा.का प्रमुख श्री सुरेन्द्रबहादुर वादे श्रेष्ठबाट बहिरा कक्षा संचालन गर्ने सामान्य रूपमा आर्थिक सहयोग गर्नुका साथै न.पा.बाट क्षमताले भ्याए जति सहयोग दिने आग्रह समेत गर्नुभएको थियो । यस कार्यक्रममा भिक्षु अश्वघोष महास्थविरले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै तीन वर्ष पहिला जग्गा दान गरिएको भएपनि बल्ल हाल सिलान्यास कार्यक्रम शुरू गरिएको कुरा उल्लेख गर्नुभयो ।

संघका सदस्य श्री सूर्यभक्त श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रम संघका सदस्य श्री कृष्ण प्यारी नकर्मीले संचालन गर्नुभएको थियो । यसरी नै संघका अध्यक्ष श्री रमेशलाल श्रेष्ठको सभापतित्त्वमा संचालन गरिएको उक्त कार्यक्रममा संघका महासचिव सुश्री राधाप्यारी नकर्मीले भाषा अनुवादको सेवा पुऱ्याउनु भएको थियो ।

## पुरस्कार वितरण

२०५८ असोज ३ गते, स्थान- गण महाविहार ।

वि.सं. २०५७ सालमा गण महाविहार केन्द्रबाट परियत्ति परिक्षा दिएर उत्तिर्ण हुनु भएका विद्यार्थीहरूलाई माननिय सांसद तीर्थराम डंगोलज्यूको प्रमुख आतिथ्यमा संचालित एक कार्यक्रममा पुरस्कार वितरण गरिएको समाचार छ । केन्द्राध्यक्ष भिक्षु सोभितले संचालन गर्नुभएको उक्त कार्यक्रममा बौद्ध परियत्ति शिक्षाको महत्त्व प्रकाश पार्नुहुँदै आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो– सूर्यमान महर्जन, सत्यना शाक्य, भिक्षु धर्ममूर्ति, हरीकृष्ण डंगोल, विद्यार्थीहरू मणीतारा मल्ल, रीना सरिना, आदि । प्रमुख अतिथी तीर्थराम डंगोलले नेपालमा बुद्ध शिक्षा अध्ययन गर्नको लागि चाहिंदो मात्रामा सुविधा उपलब्ध हुन नसकेको कुरा व्यक्त गर्नुहुँदै खेद प्रकट गर्नुभयो । थाई राजदूतावासका कार्यवाहक विरायुत् थूयाङ्खामले समाजमा बौद्ध परियत्ति शिक्षाको गहन भूमिका रहेको कुरा उल्लेख गर्नुभयो ।

कार्यक्रममा परियत्ति शिक्षामा उत्तिर्ण हुन सफल विद्यार्थीहरूलाई तीर्थराम डंगोल र विरायुत्‌बाट पुरस्कार वितरण गरिएको थियो भने भिक्षु सोभितले धन्यवाद ज्ञापन गरिएको थियो ।

## अर्न्तकृया कार्यक्रम

२०५८ आश्विन २७ गते । थाय्- प्रदिप पुस्तकालय ।

युवा बौद्ध समूहया ग्वसालय् "थौंया परिप्रेक्षे थेरवाद बुद्धशासन" विषयले अर्न्तकृया कार्यक्रम सम्पन्न जूगु समाचार दु ।

अर्न्तकृयाया मू वक्ता भिक्षु कोण्डञ्य पाखें थेरवाद बुद्ध धर्म धयागु नेपा:या लागि न्हूगु मखु बुद्धया जीवन कालं निसें दुगु ख:, अशोकं नेपाले धर्मदूत मण्डल छ्वयाहया: बुद्ध शिक्षा प्रसार या:गु व विचय् भचा त्वा:दला हानं पुनर्जागरण जूगु खँ कना विज्यात ।

युवा बौद्ध समूहया सल्लाहकार हर्षमुनी शाक्य पाखें थेरवाद बुद्ध धर्मया प्रचार प्रसारं हे बुद्ध धर्मयात याकनं ध्वाथुइके फैगु खँ कनादिल ।

बौद्ध विद्वान कनकदीप व आपाखें धात्थेंयाम्ह बौद्ध ज्वीत होम, हिंसा, हुँकार, हवस (वासना) त्याग याय्मा धका: कनादिल ।

युवा बौद्ध समूहया सल्लाहकार व ज्यापु महागुठीया अध्यक्ष विपेन्द्र महर्जनं नेवा:तय् नाश:द्यो पूजा याय्‌गु परम्परा व थेरवाद बुद्ध धर्मया शिक्षाया अन्तरसम्बन्ध कुलादिल ।

भोजपुरया खड्‌गरत्न शाक्य पाखें बुद्ध धर्म धयागु आचरण बाँलाका: निर्वाण प्राप्त याय्मा:गु थासे भिक्षुपिं विहारे अधिपत्य जमे याय्‌गु कथं जक जुयाच्वंगु खँ कनादिल ।

ज्योतिदय संघ चापागाउँया सल्लाहकार शाक्य सुरेन पाखें भिक्षुपिं व गृहस्थिपिनी दथ्वी च्वना: धर्मयात प्रचार याइपिनिगु छगू गतिशील बौद्ध पुच: दय्‌क्यमा:गु आवश्यकता कनादिल ।

प्रा. जनक नेवा: पाखें सक्कलि उपासक उपासिकापिसं छाती ल्हा: तया: बुद्ध धर्मयात गुकथं बल्लाकेगु बिचा: याय्मा:गु खँ कनादिल ।

डा. लक्ष्मण शाक्य पाखें थेरवाद बुद्ध शिक्षाया कारणं हे न्ह्यागगुं परिस्थिति नं शान्तपूर्वक म्वाय्‌फुगु खँ कनादिल ।

डा. केशवमान शाक्य पाखें थेरवाद बुद्ध शासन हे नेपा: व विभिन्न मित्र राष्ट्र नाप स्वापू तय्‌फुगु अवसर थुगु व राणा शासनयात क्वथलेत नं तिव: जूवंगु खँ कनादिल ।

समूहया उपाध्यक्ष त्रिरत्न मानन्धर पाखें सुभाय् देछाना दिलसा समूहया छ्याञ्जे मदनबहादुर तुलाधर पाखें ज्याइव: न्ह्याका दीगु ख: ।

## थाइल्याण्डपाखें यम्पि महाविहारयात बुद्ध मूर्ति दान ।

थाइल्याण्डया फ्रा धम्मधीरो भिक्षुया प्रमुखत्वय् थाइल्याण्डया बुद्ध मूर्तिया मुख्य दाता याक जाइपाइ उपासिकाया पाखें यम्पि महाविहारयात दान ब्यूगु थुगु बुद्धमूर्ति, सारिपुत्र व मौद्‌गल्यायन याना स्वम्ह मूर्तित भिक्षु भद्दियया प्रधानत्वय् यम्पि महाविहारया, मणिमण्डप विहार या, सुमंगल विहारया, शाक्यसिंह विहारया व येंया सकल उपासक उपासिकापिं (८००) च्यास:ति मुना धा: धेमे, बाँसुरी व बेनबाजा आदि दुगु थुगु जात्रा ग्वार्कोनिसें धुमधाम पूर्वक जात्रा याना यम्पि महाविहारे थ्यंके ह:गु दु । विहारे थ्यना भन्तेपिं, गुरुमांपिं व उपासक उपासिकापिं मुना बुद्धपूजा भिक्षु भद्दिय पाखें धर्मदेशना, दायक परिषदया संयोजक तन्त्रमुनी शाक्य व शान्तमान शाक्य पाखें न्वचु: प्वंके धुंका पुण्यानुमोदन याना बुद्ध मूर्तिया जात्रा क्वचागु जुल ।



Downloaded from http://www.dhamma.digital

## थेरवाद बौद्ध दायक केन्द्रिय परिषदको गोष्ठी सम्पन्न

२०५८ आश्विन २८ गते ।

थेरवाद बौद्ध दायक केन्द्रिय परिषदको आयोजनामा एक्काईसौं शताब्दीमा पशुवलि कति उपयुक्त, कति अनुपयुक्त विषयक एकदिने गोष्ठी धर्मचक्र विहारमा सम्पन्न भयो । परिषदका अध्यक्ष श्री बखतबहादुर चित्रकारको सभापतित्वमा सम्पन्न र श्रीकृष्णकुमार प्रजापतिको उद्घोषणमा संचालित उक्त कार्यक्रममा सर्वप्रथम भिक्षु धर्मवंशले पंचशील प्रार्थना गराउनुभएको थियो । परिषदका सचिव श्री विष्णुरत्न शाक्यले स्वागत तथा गोष्ठिको उद्देश्य माथि प्रकाश पार्नु भएपछि त्रिरत्नको प्रतिक स्वरूप ३ वटा मैनवत्ती बालेर उद्घाटन गर्नुहुँदै मुख्य अतिथि बौद्ध विद्वान पं. बद्रीनाथ बज्राचार्यले कुनै पनि धर्म ग्रन्थमा हिंसा गर्ने उल्लेख नभएको कुरामाथि प्रकास पार्दै प्राणीको रक्षा गर्ने बोधिचित्तको भावना जगाउनुपर्छ भन्नुभयो ।

भिक्षु बोधिसेनले पंचशीलको मूल अभिप्राय अहिंसा भएकोले बलि प्रथा निर्मूल गर्नुपर्दछ भनी देशना गर्नुभयो ।

डा. सानुभाई डंगोलले विज्ञान र प्रविधिको अत्याधिक विकास भएको २१ औं शताब्दीमा पनि ज्यादै विवादास्पद अवस्थामा रहेको पशु बलिको परम्पराको विश्लेषण गर्नुहुँदै विभिन्न धर्ममा विकृतिको रूपमा देखापरेको पशुवलिको यथार्थ विवरण तथा सुधारात्मक कुरा उल्लेख गरी कार्यपत्र प्रस्तुत गर्नुभयो ।

ब्रह्मकुमारी राजयोगका विद्वान श्री सुरटबहादुर यरले कार्यपत्रमाथि टिप्पणी गर्दै प्राणीको जिउने बाँच्ने हकमा स्वादको स्वार्थले अपराध भइरहेको छ । सत्ययुगमा कुनै हिंसा थिएन । यहाँको बुद्धको प्रतिमा अगाडि बलि नगर्ने प्रण गर्नुभयो ।

अर्को टिप्पणीकार भूतपूर्व सचिव गौरिनाथ रिमालले देवी भागवतमा पशुवलि नदेऊ भन्ने महावाणीको चर्चा गर्नुहुँदै आजकाल देवाली आदिमा पशु बलि कम भइसकेको छ भन्नुभयो ।

टिप्पणीकार बौद्ध विद्वान सुवर्ण शाक्यले बाध्यतावस चालुरहेको पशुवली प्रथा अनुपयुक्त छ भन्ने कुरा कार्यत्रपत्रबाट छर्लङ्ग हुन्छ । बलि गर्ने संस्कृति पनि बिकृति हो भन्नुभयो । हिन्दु विद्वान दिनेशराज पन्तले मासु खाएको बखत स्वास्थ्यमा विकार पैदा गर्दछ भन्ने कुराको चर्चा गर्नुभयो ।

भूपू मन्त्री श्री प्रयागराज सिं सुवालले अन्ध विश्वासमा आधारित पशुबलि प्रथा अशाभ्यताको उदाहरण भएकोले यसलाई निर्मूल गर्न निरन्तर आजको जस्तो कार्यक्रम गर्दै जानुपर्दछ भन्नुभयो ।

भूपू सहायक मन्त्री प्रेमबहादुर शाक्यले आजकल पशुबलि मात्र होइन नरसंहार पनि भइरहेकोले धार्मिक तथा अरू संस्थाहरू समेत मिली बिचार विमर्श गर्नुपर्‍यो र बुद्धको मध्यम मार्गबाट समस्या हल गर्नुपर्ने कुरामाथि प्रकास पार्नुभयो ।

टिप्पणीकार र फोलोरहरूबाट उठाइएका विभिन्न जिज्ञासा तथा आलोचना विषयमा कार्यपत्र प्रस्तोता डा. सानुभाई डंगोलले स्पष्ट पार्नुभएको थियो । गोष्ठिमा विद्वान प्रा. शिवगोपाल रिसालले पशुबलि अनुपयुक्त छ भन्ने भावना व्यक्त गरी पठाउनुभएको मन्तव्यको वाचन पनि गरियो ।

### बुद्ध दर्शनबारे अन्तरक्रिया कार्यक्रम

२०५८ आश्विन २३ गते मंगलबार । वेदराज ज्ञवालीको संयोजकत्वमा त्रि.विश्वविद्यालयमा "बौद्ध दर्शन बारे" बिचार अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको समाचार छ ।

उक्त अन्तरक्रिया कार्यक्रमका अतिथि, कार्यपत्र प्रस्तोता, टिप्पणीकर्ताहरू- श्रीमान् प्रा.डा. त्रिरत्न मानन्धर, डिन मानविकी संकाय त्रि.वि., श्रीमान् प्रा.डा. राम निवास पाण्डे, प्रमुख, संस्कृति विभाग, त्रि.वि. कीर्तिपुर, श्रीमान् निर्मलमान तुलाधर, कार्यकारी निर्देशक CNAS, त्रि.वि. कीर्तिपुर ।

१. प्रा.डा. विरेन्द्रप्रसाद मिश्र, प्रमुख अतिथि ।
२. डा. निवेदिता मिश्र "बुद्ध दर्शन र साँख्य दर्शन : एक विश्लेषणात्मक अध्ययन" विषयक कार्यपत्र ।
३. डा. काशीनाथ न्यौपाने "कार्यपत्रमाथि टिप्पणी" ।

# 'लुम्बिनी बचाउ'

अध्यक्ष महोदय,

संसारमा नेपाललाई चिनाउने भनेको संसारको सर्वोच्च शिखर सगरमाथा भएजस्तै शान्तिका दूत भगवान् बुद्ध जन्मेको देश भनी संसारमा प्रशिद्ध छ ।

आज भगवान् बुद्धको जन्मस्थल लुम्बिनी बेवारिसी अवस्थामा छाप्रोमा फ्याँकिएको छ । सन् ७८ मा जापानका आर्किटेक्चर टाँगेबाट दशौं करोड खर्च गरी बनाएको गुरु योजनाको व्यवस्थित कार्यान्वयनको अभावले भगवान बुद्ध टुहुरो जस्तो भएको छ । जस्तो कि ढल, वाथरूम, पानी, मायादेवी मन्दिर, गुरु योजनामा नेपाल सरकारले बनाउने जिम्मा लिएको आजसम्म पनि बनाएको छैन । बिना ढल, पानी संसारमा विदेशी मुलकहरूबाट अरबौं रूपैयाँ खर्च गरी चीन, जापान, कोरिया, भियतनाम, थाइल्याण्ड, बर्मा (म्यानमार), श्रीलंका, भारत समेत अरू धेरै मुलुकहरूबाट चैत्य, मन्दिर, विहार, अनुसन्धान शाला, धर्मशाला, लाइब्रेरी बनाइ दिएका छन् तर उक्त नेपाल सरकारले बनाउनु पर्ने, तुरून्त जिम्मा लिएको मध्ये ढलको प्रबन्ध, पानीको प्रबन्ध, मायादेवी मन्दिर (बुद्ध मन्दिर) बनाउने अभावले भगवान बुद्ध टुहुरा जस्तो भएको छ । संसारको जनसंख्या साडे छ अरब मध्ये एक अरब बुद्ध धर्मका अनुयायीहरू छन् । संसारका बुद्ध धर्मावलम्बीहरू लुम्बिनी विकासका लागि चिन्तित छन् । आकर्षणको केन्द्रको रूपमा आम्दानीको श्रोत बनाउन सरकारले आगामी दशौं योजनामा यसको विकासको व्यवस्थित गुरु योजनालाई संसारका सारा बुद्ध अनुयायीहरूको ध्यान आकर्षण गर्न सकेमा विश्वका सारा एक अरब बुद्ध अनुयायीहरूलाई नेपालमा आउने वातावरण पैदा गर्न सके मुलुककै अर्थतन्त्रका अमूल्य परिवर्तन ल्याउनेछ । उदाहरणको लागि साउदी अरबको ... ... इजरायलको जेरूसेलम जस्तै आकर्षित हुन सक्थ्यो ।

*-सांसद, लक्ष्मीदास मानन्धर*

# तिमी हौ गौतम बुद्ध

**बन्दना अधिकारी**
प्र.प.तह प्रथम वर्ष
नर्सिङ्ग क्याम्पस, महाराजगञ्ज

विश्वमा विद्यमान हत्या र हिंसा देखी
शान्तिको प्रतिमूर्ति बनेर तिमी आयौ
बोधिबृक्षमुनि बसी ध्यानमा लिन भएर
दु:ख र सुखबारे मानवलाई बोध गरायौं ।

बिशालता भएर, बैमनष्यता नभएको
तिम्रा अनुयायी छन्, वास्तवमै करोडौं
तिम्रो बिचारलाई मूल ध्येयकै रूपमा मान्ने
वास्तवमै छन् धेरै, भएको छ कल्याण सबैको ॥

लिनु के छ प्रेरणा जीवनी तिम्रो पढेर
हत्या, हिंसाको अन्त्य होस्, शोषण नबढेर
लोभ, लालचमा होइन बरू हामी सत्कर्ममा लाग्न सकौं
गौतम बुद्धको उपदेशको छहारीमा नित्य हामी बसौं ।

# शिल छु खः?

**लक्ष्मीहीरा तुलाधर**
ज्याठा, बहादुर भवन, काठमाडौं

शील मानव जीवनया जग खः ।
संसारीक भोग सम्पत्तिया आधार खः ।
अले संसारीक दु:खं मुक्त जुइगु लँपु नं खः ।

शील ग्यसुलागु जीवनया न्हाय्कं खः ।
मानव जीवनया सौन्दर्य व सुगन्ध खः ।
हीरामोती वहुमूल्यया तिसा खः ।
मानव जीवनया मूवंगु रूप नं खः ।

शील शान्त स्वच्छ मान्यताया धुकू खः
द्वेष व मती कुरा:पहः सिलेगु साधन खः ।
सकलें लिसे मैत्री भाव व करूणा तया: ।
अ:पुक न्ह्इपुक जीवन हनेगु लँपु नं खः ।

शील हे ध्यान भावना प्राप्तीया च्वः खः ।
ध्यान भावना हे सत्य व अनित्य खंकेगु मिखा खः ।
शील व ध्यानया अतल प्रयास हे ।
ञसंसारीक जालं मुक्तगु निर्वाण प्राप्ती खः ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५५१४, काठमाडौं । फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९५५० फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital